जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक २४९ • २०८० साल माघ २२ गते सोमबार (5 Feburary, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-



# वीरगञ्ज चिनी कारखानाको अर्बौंको सम्पत्ति हिनामिना



**अनिल तिवारी**

वीरगञ्ज । वीरगञ्ज चिनी कारखानाको अर्बौंको सम्पत्ति हिनामिना भएको पाइएको छ । कारखानाको ५० औं विघा जग्गा हिनामिना भएको छ । कारखाना सञ्चालनका लागि पर्खाल लगाइएको जग्गा बाहेक सयौं विघा जग्गा रहेको छ तर त्यसमा आधा भन्दा बढी हिनामिना भइ सकेको पाइएको छ ।

सरकारले केही दिनअघि रुग्ण उद्योगहरुको अवस्था हेरेर सञ्चालन गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहालले बारा, पर्साका पालिका प्रमुख र विशेष आर्थिक क्षेत्र सेजको स्थलगत अनुगमनको कार्यक्रममा रुग्ण उद्योगहरु सरकारले सञ्चालन गर्ने निर्णय गरेको बताएका थिए ।

तर वीरगञ्ज चिनी कारखाना फेरि सञ्चालन गर्न सहज नरहेको स्थानीय उद्योगी व्यवसायी बताउँछन् । सो कारखाना बन्द भएलगत्तै यसको नाममा रहेको अर्बौंको सम्पत्तिसमेत हिनामिना भएको छ। २०५९ साल चैतमा चिनी मिल बन्द भएपछि कारखानाको नाममा रहेका अधिकांश जग्गा अतिक्रमणमा परेको छ भने भएका भौतिक पूर्वाधारहरु जीर्ण भएर कामै नलाग्ने अवस्थामा छन् ।

चिनी मिल सञ्चालन हुँदा निर्माण भएका एक दर्जन गोदाम घर जीर्ण भएर भत्कने अवस्थामा छन् । कारखानाभित्र लामो समयदेखि सरसफाइ तथा मर्मतसम्भार नहुँदा मेसिनहरु खियाले खाएका छन् भने कारखाना परिसरमा काँसघारी फैलिएको छ ।

तत्कालीन सोभियत संघ सरकारको आर्थिक एवं प्राविधिक सहयोगमा २०२१ माघबाट सञ्चालनमा आएको वीरगञ्ज चिनी कारखाना २०५९ साल चैतमा बन्द भएको थियो । कारखानाको सुरुवाती उत्पादन क्षमता वार्षिक ९० हजार क्विन्टल थियो ।

पर्सा, बारा र रौतहटका ५० प्रतिशत किसान उखु खेतीमा आवद्ध भएपछि २०३४ सालमा यो कारखानाले आधुनिक मेसिन जडान गरेर वार्षिक उत्पादन १ लाख ३५ हजार क्विन्टल पुर्‍याइएको थियो ।

२०४६ सालदेखि वीरगञ्ज चिनी कारखानामा कार्यरत कर्मचारी रत्न शमशेर राणाले नाफा कमाइरहेको कारखाना राजनीतिक खिचातानीका कारण एक्कासी बन्द भएको अनुभव सुनाए । 'चिनी मिलको ३ करोड पैसा फिक्स डिपोजिटमा नेपाल बैंकमा राख्न खोज्दा बैंकले यत्रो पैसा हामी राख्दैनौं भनेको मलाइ अझै पनि याद छ,' राणाले भने, 'प्रजातन्त्र आएपछि चिनी मिलका अध्यक्ष र प्रबन्धकले आफन्त र पार्टीका कार्यकर्तालाई भर्ती गर्ने काम थालेपछि कारखाना धराशायी हुँदै गयो, उनीहरुमा बफादारी, इमानदारी भएन ।'

२०५९ साल चैतमा वीरगञ्ज चिनी कारखाना बन्द हुँदा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री थिए भने कारखानाको महाप्रबन्धक नारायणजी रौनियार र चिनी मिलको अध्यक्ष जयराम बराल थिए ।

> चिनी कारखाना हाल कोष तथा लेखा नियन्त्रकको कार्यालय अन्तर्गत छ । अहिले पनि सरकारले चिनी कारखानाका १२ जना पुराना कर्मचारीलाई सेवासुविधा दिँदै आएको छ ।

पूर्व कर्मचारी राणा कारखानाभित्र रहेका फलामका पाइपहरु खिया लागेर काम नलाग्ने भए पनि अन्य मेसिन अझै पनि सुरक्षित रहेको बताउँछन् । 'फलामका रडहरु काम लाग्दैनन्, अरु मेसिन अहिले पनि जस्तो छोडेका थियौं, सोही अवस्थामा छन्,' उनले भने ।

उखुको उत्पादन अधिक भएको सिजनमा चिनी कारखाना मंसिरको दोस्रो सातादेखि सञ्चालन भएर वैशाख, जेठसम्म चल्दथ्यो । वैशाख, जेठपछि मिल बन्द भएलगत्तै मेसिनहरु सरसफाइ गरेर राख्ने प्रचलन थियो ।

तर सो वर्ष मिल चल्दाचल्दै बन्द भएकाले सरसफाइको काम हुन पाएन । 'एकैपटक उद्योग बन्द गरेर सबैलाई निकालदिए, हाजिर रोक्का भयो, पछि बेला बेलामा सरसफाइ नहुदाँ फलामका पाइपहरु त खत्तम भयो,' राणाले भने, 'अहिले पनि बेलाबेलामा मन्त्रीहरु आउँछन्, बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा कारखाना चल्छ कि जस्तो भएको थियो तर चलेन, अब चलाउन पनि सकिँदैन ।'

सो चिनी कारखाना हाल कोष तथा लेखा नियन्त्रकको कार्यालय अन्तर्गत छ । अहिले पनि सरकारले चिनी कारखानाका १२ जना पुराना कर्मचारीलाई सेवासुविधा दिँदै आएको छ।

महानगरको मुख्य भागमा कारखानाको संरचना र जग्गा भएकाले सोही ठाउँमा अब कारखाना चलाउन सजिलो भने छैन ।

पर्सा, बहुदरमाई नगरपालिका वडा नं ७ अशोक कुमार गुप्ताले कारखानामा भएको पुरानो मेसिनले १ घन्टामा ५ किलोमात्रै चिनी उत्पादन गर्ने र कारखाना सञ्चालनका लागि ३ हजार जनशक्ति आवश्यक पर्ने भएकाले अहिलेको प्रतिस्पर्धात्मक अवस्थामा उत्पादन सम्भव नभएको बताउँछन् ।

'पहिला यहाँ चारैतिर बस्ती थिएन, अहिले चारैतिर घना बस्ती भएकाले ट्र्याक्टर, टायर गाडा आवतजावत गर्न सजिलो छैन,' स्थानीयवासी गुप्ताले भने, 'सरकारले अन्त कतै जग्गा लिएर नयाँ डिजाइनको मेसिन जडान गरेर चिनी मिल चालु गरे यहाँका किसानहरुलाई फाइदा हुने थियो ।'

उखु किसानसमेत रहेका गुप्ताले राम्रो चलिरहेको कारखाना प्रजातन्त्र आएपछि राजनीतिक हस्तक्षेपका कारण धराशायी भएको बताए । कार्यकर्ताहरुलाई आफूखुसी कारखानामा भर्ना गर्ने, फोहोर र सुकेको उखुलाई एक नम्बरको क्वालिटीको मानेर पैसा दिने काम सुरु भएपछि कारखाना डुब्दै गएको गुप्ताको भनाइ छ ।

# मधेश प्रदेश सभाको छैटौं स्थापना दिवस सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाको छैटौं स्थापना दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ। प्रदेश सभा सचिवालयको परिसरमा आयोजित प्रदेश सभाको छैटौं स्थापना दिवस समारोह समितिको उद्घाटन मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्र तथा मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले संयुक्त रुपमा गरेका छन् ।

कार्यक्रममा प्रदेश प्रमुख मिश्रले प्रदेश सभामा जनताको पक्षमा प्रदेश सरकार तथा सरोकारवाला अन्य निकायहरूको ध्यानाकर्षण गर्दै आउनुभएका नेकपा एमाले संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरलाई उत्कृष्ट प्रदेश सभा सदस्य तथा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरूमध्ये जानकी प्रसाद साहलाई दोसल्ला, कदर पत्र तथा नगद सहित सम्मानित गरे ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले प्रदेश सरकारले मधेश प्रदेशको विकासलाई प्राथमिकतामा राखेर सुशासनलाई ध्यानमा राखेर काम अगाडि बढाएको बताए । उनले प्रहरी समायोजन तथा निजामती कर्मचारीको समायोजनसहित संघीयतालाई बलियो बनाउनका लागि प्रधानमन्त्री गम्भीर रहेको बताउँदै प्रधानमन्त्रीको अध्यक्षतामा माघ २४ गते हुने अन्तर प्रदेश बैठकले ठोस निर्णय लिने आशा व्यक्त गरे ।






# क्यान्सरविरुद्ध एकताबद्ध भएर लाग्न स्वास्थय मन्त्रीको आह्वान



टुडे समाचारदाता

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले अर्बुद रोग (क्यान्सर) नियन्त्रणका लागि सरोकारवाला सबै एकताबद्ध हुन आह्वान गरेका छन् ।

विश्व क्यान्सर दिवस २०२४ का अवसरमा आइतबार मन्त्रालयमा आयोजित सरोकारवालासँगको छलफल एवं अन्तरक्रियात्मक कार्यक्रममा उनले 'राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति, २०८०-८७' अन्तिम चरणमा रहेको जानकारी दिँदै रणनीतिले क्यान्सरविरुद्ध एकताबद्ध भएर लड्न सहयोग पुग्ने विश्वाससमेत व्यक्त गरे ।

"यस दिवसका अवसरमा नयाँ रणनीति र कार्ययोजना बनाएर यसविरुद्ध हामी एकीकृत रुपमा लडनुपर्छ", मन्त्री बस्नेतले भने, "यो रोग तत्काल उन्मूलन गर्छौं भन्ने अवस्थामा छैनौँ तर यसलाई न्यूनीकरण र नियन्त्रण गर्दै जाने कुरामा यस रणनीतिले धैरै ठूलो सहयोग पुग्ने मैले विश्वास गरेको छु ।"

उनले सरोकारवाला सबैको सल्लाह र सुझाव समेटेर रणनीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि प्रतिबद्धतासमेत व्यक्त गरे । मन्त्री बस्नेतले क्यान्सरसँगसँगै सर्ने र नसर्ने रोगको नियन्त्रणका लागि स्वास्थ्यकर्मीको भूमिकाको समेत प्रशंसा गरे ।

कार्यक्रममा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनीले निर्माणकै चरणमा रहेको रणनीतिबारे कार्य प्रस्तुति दिए । "यो रणनीति क्यान्सर रोगको भार र मृत्युदरलाई घटाई स्वास्थ्य जीवन प्रवर्द्धन गर्ने दूरदृष्टि छ", डा मरासिनीले भने, "रणनीति छिट्टै ल्याउने छौँ, अन्तिम रुप दिने तयारी भइरहेको छ ।"

'क्यान्सर नियन्त्रणका लागि सरकारको प्रयास बढाउनुपर्छ'

अर्बुद रोग(क्यान्सर)को नियन्त्रण एवं उपचारमा पहुँच वृद्धिका लागि सरकारले जनचेतना अभिवृद्धिसँगै आवश्यक उपकरण र स्वास्थ्य जनशक्ति बढाउन चिकित्सकहरुले सरकारको ध्यानाकर्षण गराएका छन् ।

विश्व अर्बुद रोग दिवसका अवसरमा आइतबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आयोजित सरोकारवालासँगको छलफलमा क्यान्सर रोग विशेषज्ञहरुले क्यान्सरको बढ्दो जोखिमप्रति सचेत गराउँदै उपचारलाई पहुँचयोग्य बनाउन सुझाव दिएका हुन् । वीर अस्पतालका क्यान्सर विभाग प्रमुख प्राडा विवेक आचार्यले क्यान्सर उपचारका लागि अत्यावश्यक 'रेडियो मेसिन' को अभावप्रति मन्त्रालयको ध्यानाकर्षण गराए । उनका अनुसार अहिले ३० देखि ३५ रेडियसन मेसिनको आवश्यकता छभने देशभर सरकारी र निजी दुवै गरी ११ वटा मात्र रेडिसन मेसिन उपलब्ध छन् । "देशभर ११ मात्र मेसिन छन्, वीरमा भर्खरै प्राप्त मेसिनसमेत प्रयोगमा आएको छैन, रेडियो थेरापीका लागि बिरामी भक्तपुरमा तीन महिना कुर्नपर्ने बाध्य छन्, वीर अस्पतालमा पालो कुर्नेको समय चार महिना पुगिसक्यो", उनले भने, "राज्यले चाहेमा निजीमा रु ७० हजार शुल्क लाग्ने उक्त परीक्षण रु २० हजारमा गर्न सकिन्छ तर अहिले बिरामी भारत गएर उपचार गर्न बाध्य छन् ।"

उनले स्वास्थ्य जनशक्तिलाई पर्याप्त तालिमको आवश्यकता औँल्याउनुभयो । प्राडा आचार्यले निवारण गर्न सकिने क्यान्सर जस्तै पाठेघरको मुख र फोक्सोको क्यान्सरका लागि जनचेतनामा वृद्धि, एचपीभी खोप तथा 'स्क्रिनिङ' बढाउन मन्त्रालयलाई सुझावसमेत दिए ।

"क्यान्सर रोग लाग्नुअघि क्यान्सरको पहिचान र उपचार भए पूर्णरुपमा निको हुन्छ, त्यही कुरा क्यान्सरमा परिवर्तन भएर पहिलो वा दोस्रो चरणमा पहिचान भए ८० देखि ९० प्रतिशतसम्म निको हुने सम्भावना हुन्छ, तेस्रो चरणमा पहिचान भए ३० देखि ५० प्रतिशत र चौथो चरणमा पुग्यो भने पाँच प्रतिशतमात्र निको हुने सम्भावना हुन्छ", उनले भने, "दुर्भाग्यवश हामी कहाँ आइपुग्ने धैरै बिरामी तेस्रो वा चौथो चरणको अवस्थामा हुन्छन् ।"

छलफलमा नेपाल चिकित्सक सङ्घका अध्यक्ष एवं क्यान्सर रोग शल्यचिकित्सक डा अनिल कार्कीले प्राडा आर्चायसँग सहमति जनाउँदै निवारण गर्न सकिने क्यान्सरबारे जनचेतना अभिवृद्धि गर्न सुझाव दिए ।

"क्यान्सरले गराउने कूल मृत्युको एक तिहाइ सुर्तीजन्य पदार्थ सेवन पनि हो तर विद्यालयस्तरका विद्यार्थीमा धुम्रपानको प्रयोग बढेको छ, यो चिन्ताको विषय हो", डा कार्कीले भने, "खाद्य पदार्थ उत्पादनमा प्रयोग हुने विभिन्न रसायनले समेत क्यान्सरको जोखिम बढाएको छ, यसमा पनि बहस आवश्यक छ ।"

छलफलमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा निर्देशक डा रुद्रप्रसाद मरासिनीले क्यान्सर उपचार तथा नियन्त्रणका लागि न्यून पूर्वाधार, अपर्याप्त आर्थिक स्रोत र स्वास्थ्य जनशक्तिको अभाव रहेको बताए । उनले बिरामीले सेवा उपभोगमा ८० प्रतिशत हिस्सा व्यक्तिगत खर्चबाटै व्यहोर्नुपर्ने समस्या रहेको समेत बताए । "सेवा पहुँचमा ग्रामीण र सहरी क्षेत्रबीच भिन्नता छ", डा मरासिनीले भने ।

# विद्यालय वरपर मदिरा र सुर्तीजन्य पदार्थ बिक्रीमा रोक



**टुडे समाचारदाता**

वीरगन्ज । वीरगञ्ज महानगरपालिकाभित्रका धार्मिक र विद्यालयको वरपर मदिरा एवम् सुर्तीजन्य पदार्थहरुको बिक्रीवितरण र कारोबार गर्नमा रोक लगाउने निर्णय गरिएको छ ।

वीरगञ्ज महानगरपालिका अन्तर्गतको बजार अनुगमन समितिको बैठकले महानगरभित्र पहिलो चरणमा सार्वजनिक ठाउँमा सुर्तीजन्य पदार्थहरुको बिक्रीवितरण र कारोबार गर्नमा रोक लगाउने निर्णय गरेको छ ।

महानगरपालिकाकाले पहिलो चरणमा मन्दिर, मस्जिद, विद्यालय तथा कलेजहरुको भवन र जग्गामा मदिरा एवम् सुर्तीजन्य पदार्थहरु बिक्रीवितरण र कारोबार गर्न रोक लगाउने निर्णय गरेको छ । वीरगञ्ज महानगरपालिकाको कार्यालयमा उपप्रमुख इम्तियाज आलमको अध्यक्षतामा बसेको बजार अनुगमन समितिको बैठकले यस्तो निर्णय गरेको महानगरपालिकाले जनाएको छ ।

महानगरपालिकाका उपप्रमुख आलमले पहिलो चरणमा धार्मिक स्थल र विद्यालयको सटरमा हुने मदिरा र सुर्तीजन्य पदार्थको बेचबिखनमा रोक लगाउने निर्णय भएको बताए । त्यसको रोकथामका लागि सोमबारदेखि महानगरपालिकाले आफ्नो संयन्त्र परिचालन गर्ने समेत तयारी गरिसकेको उपप्रमुख आलमको भनाइ छ ।

संघीय स्वास्थ्य ऐन अनुसार मठमन्दिर र शिक्षालयहरुको वरिपरि ५०० मिटरसम्म मदिरा एवम् सुर्तीजन्य पदार्थ बेच्न नपाइने नियमलाई टेकेर यो निर्णय गरिएको वीरगन्ज महानगरपालिकाको कार्यालयको भनाइ छ ।

यसैगरी बैठकले महानगरभित्र रहेका सहकारीहरुको अनुगमन तीव्र बनाइने, अनुगमनको क्रममा दिइएको निर्देशनहरुको पालन भए/नभएको जाँच गर्ने, निष्क्रिय सहकारीहरुलाई खारेजीको प्रक्रिया चलाउने र विद्यालयको पनि अनुगमन गर्ने निर्णय गरेको छ ।

बैठकमा महानगरका प्रशासकीय अधिकृत मातृका भट्टराई, खाद्य अनुसन्धान अधिकृत विपिन कुमार दास, होटल तथा पर्यटन व्यवसायी संघ वीरगन्जका अध्यक्ष हरि पन्त, घरेलु र प्रशासनका प्रतिनिधि तथा उपभोक्ता मञ्चका अजित भुजेल लगायतको सहभागी थियो ।

# 'राजतन्त्रका कुरा गर्नेले जनतालाई भ्रममा पारे'



टुडे समाचारदाता

काठमाण्डु । नेकपा (एमाले) का नेता योगेशकुमार भट्टराईले पछिल्लो समय केही शक्ति वर्तमान राज्य व्यवस्थाविरुद्ध खुलेर लाग्न थालेको बताएका छन् । उनले इतिहासमा सीमित भएको राजतन्त्र फर्काउने कुराले जनतामा भ्रम सृजना भइरहेको र यो वर्तमान व्यवस्थाविरुद्ध भएको बताए ।

प्रेस चौतरी नेपालले आफ्नो स्थापना दिवसका अवसरमा आइतबार आयोजना गरेको एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले वर्तमान राज्य व्यवस्था जनआन्दोलनको बलमा स्थापित भएकाले पुनरुत्थान गर्ने विचार दिवास्वप्नबाहेक केही नभएको र यसले कुनै नतिजा नदिने बताए । उनले कुनै पनि विकासक्रम वा राज्य व्यवस्था पछाडि फर्किन नसक्ने उल्लेख गर्दै इतिहासमा सीमित भइसकेको राजतन्त्रको वर्तमान र भविष्य नभएको स्पष्ट पारे ।

प्रतिनिधिसभा सदस्यसमेत रहेका नेता भट्टराईले राजतन्त्रको इतिहासलाई हेर्दा नेपालको एकीकरणमा राजा पृथ्वीनारायण शाहको ऐतिहासिक भूमिकाबाहेक राजतन्त्रको अरू कुनै सान्दर्भिकता नरहेको टिप्पणीसमेत गरे । यसैबीच प्रेस चौतारी नेपालले आफ्नो संस्थाको स्थापना दिवसका अवसरमा पत्रकारिता क्षेत्रमा क्रियाशील रहेका तीन पत्रकारलाई पुरस्कारसहित सम्मान गरेको छ ।

पुरस्कृत एवं सम्मानित हुनेमा नेपाल पत्रकार महासङ्घका पूर्वीजिल्ला अध्यक्ष केशव भट्टराई, पूर्वसचिव रविन भट्टराई र वर्तमान उपाध्यक्ष गङ्गा लित्त ीम रहेका छन् । तीनै पत्रकारलाई रु १० हजार एक सय पाँचसहित सम्मानपत्र वितरण गरिएको प्रेस चौतारीका जिल्ला अध्यक्ष वसन्त पालुङ्वाले जानकारी दिए ।

प्रेस चौतारी नेपालले हरेक वर्ष स्थापना दिवसका अवसरमा तीनजना पत्रकारलाई छनौट गरी प्रेस चौतारी नेपाल पत्रकारिता पुरस्कार, जयमती कर्णबहादुर पत्रकारिता पुरस्कार र अग्निप्रसाद भीमादेवी पत्रकारिता पुरस्कार प्रदान गर्दै आएको छ ।

# होमियोप्याथीप्रति विश्वास बढ्दो

टुडे समाचारदाता

गोदावरी । पछिल्लो समय होमियोप्याथी उपचार पद्धतिप्रति नागरिकको विश्वास बढेको पनि सेवा अपुग रहेको पाइएको छ । नेपालमा सङ्घीय सरकारको स्वामित्वममा रहेको ललितपुर स्थित श्री पशुपति होमियोप्याथी चिकित्सालय मात्र सीमित छ ।

चिकित्सालयमा पाँच जना चिकित्सकको दरबन्दी रहेकामा तीन जना मात्रै कार्यरत रहेका चिकित्सालयका प्रमुख डा प्रेमनारायण श्रीवास्तवले जानकारी दिए । उनका अनुसार अन्य कर्मचारीमा नर्सिङ स्टाफ चार, सिअहेव दुई, प्रशासनतर्फ सुब्बा एक, सहलेखापाल एक, कार्यालय सहयोगी पाँच, कम्प्युटर सहायक एक गरी १४ जना कार्यरत छन् ।

यहाँ दैनिक एक सय ५० देखि दुई सय जनासम्म बिरामी उपचारका लागि आउने गरेको डा श्रीवास्तवले जानकारी दिए ।

"पछिल्लो समय नागरिकमा होमियोप्याथी उपचार पद्धतिप्रति विश्वास बढ्ने पनि जनशक्ति, आधुनिक उपकरण, आर्थिक अभावलगायत कारणले सेवा पुऱ्याउन समस्या भइरहेको छ", उनले भने ।

अहिले प्रदेश सरकारले प्रदेशमा होमियोप्याथी उपचार पद्धति अपनाउन थालेका डा श्रीवास्तवले बताए । "एक जना अघोरी बाबाले राजा त्रिभुवनको सवारी हुँदा होमियोप्याथी उपचार पद्धतिलाई अगाडि बढाउन सुझाव दिएका थिए । विसं २०१० मा राजाले सरकारीस्तरमा श्री पशुपति होमियोप्याथिक चिकित्सालयको स्थापना गरेका थिए", उनले भने ।

यस चिकित्सा पद्धतिका लागि समयसापेक्ष ल्याब, आधुनिक उपचारका लागि उपकरण, शय्या सञ्चालनका लागि भौतिक पूर्वाधारको अभाव, आवश्यक जनशक्ति तथा भवनको अभावलगायत कारणले सेवा प्रवाहमा समस्या भइरहेको चिकित्सालयका प्रमुख डा श्रीवास्तवले जानकारी दिए । "आवश्यक जनशक्ति, पूर्वाधार, उपकरणलगायतको मागसहित विसं २०७६ मा सरकारलाई योजना बनाएर बुझाएका छौँ", उनले भने, "अहिलेसम्म दुई चरणमा बैठक बसे पनि केही उपलब्धि हुन सकेको छैन ।"

नेपालमा एकमात्र होमियोप्याथी चिकित्सा विद्यालय विराटनगरमा रहेकोभन्दै श्रीवास्तवले उक्त विद्यालय हाल बन्द रहेको बताए ।

उनका अनुसार उक्त विद्यालयबाट करिब ६० विद्यार्थीले पास गरेका थिए । पशुपति होमियोप्याथी चिकित्सालयका प्रमुख डा श्रीवास्तवमा अनुसार होमियोप्याथी उपचार प्राकृतिक नियममा आधारित छ ।

डा श्रीवास्तवका अनुसार होमियोप्याथी चिकित्सामा विभिन्न रोगको उपचार गर्नका लागि वनस्पति, जैविक, खनिजलगायत प्राकृतिक पदार्थलाई अत्यन्त सुक्ष्ममात्राको उपयोग गरिन्छ ।

यो चिकित्सा प्रणाली अत्यन्त सरल, प्रभावकारी र नकारात्मक असररहित हुने डा श्रीवास्तवको भनाइ थियो । यसमा बिरामीको मानसिक, शारीरिक, स्वाद र भावनात्मकलगायत लक्षणका आधारमा औषधि सेवन गराएर उपचार गरिन्छ", उनले भने ।

पशुपति होमियोप्याथी चिकित्सालयमा मानसिक रोग, नाक, कान, घाँटीसम्बन्धी, हाडजोर्नी, बाथ तथा छालासम्बन्धी, पाचन प्रणाली, महिला तथा बालरोग, पिनास, श्वासप्रश्वास, दमलगायतको उपचार गरिने डा श्रीवास्तवले जानकारी दिए ।

**नेपालमा होमियोप्याथीको अवस्था**

होमियोप्याथीलाई विश्वस्वास्थ्य सङ्गठनको सर्वेक्षणअनुसार वैकल्पिक चिकित्सा पद्धति मानिन्छ ।

विशेषगरी दीर्घ रोगको उपचारमा यो पद्धति लाभदायक हुने चिकित्सकहरु बताउँछन् । होमियोप्याथी उपचार जर्मनीबाट सुरु भई बेलायत, फ्रान्स हुँदै भारतमा आएको थियो । भारतबाट नेपाल भित्रिएको जनाकारहरु बताउँछन् ।

सरकारबाटकुनैपनिसेवासुविधा तथा रोजगारीको सुनिश्चितता नभएपछि विराटनगरमा रहेको होमियोप्याथी चिकित्सा विद्यालय बन्द भएको चिकित्सकको गुनासो छ । कानुनी जटिलताका कारण उक्त विद्यालय बन्द हुन पुगेको डा श्रीवास्तवले बताउनुभयो । विद्यालय सञ्चालनका लागि तिनै तहका सरकारले पहल गर्नुपर्ने उनको भनाइ थियो । महामारीका रुपमा फैलिएको कोभिड-१९ को उपचारमा होमियोप्याथी उपचार विधि प्रयोग गरिएको थियो ।

विसं २०७६/७७ मा ८७ हजार ७१ जनाले पशुपति होमियोप्याथी चिकित्सालयबाट उपचार लिएका प्रमुख डा श्रीवास्तवले जानकारी दिए । उनका अनुसार विसं २०७९/८० मा उपचार गराउनेको संख्या ३९ हजार नौ सय ३५ छन् । यो तथ्याङ्कले उपचार गराउनेको विश्वास बढेपनि संख्या घट्दै गएको छ ।

जनशक्तिका साथै उपकरण तथा आवश्यक संरचनाको अभावले सेवा दिन समस्या हुँदा सेवाग्राही कम हुँदै गएका डा श्रीवास्तवको भनाइ थियो ।

उनका अनुसार हाल नेपालभरि विभिन्न सङ्घसंस्था तथा प्रदेश सरकारद्वारा १६ वटा निःशुल्क होमियोप्याथी क्लिनिक तथा चार सय ५० निजी क्लिनिक छन् । प्रमुख डा श्रीवास्तवले भने "चिकित्सालयमा मानिस सुविधा खोज्छन् ।

यस चिकित्सालयमा उपचारदेखि औषधिसम्म निःशुल्क दिने गरेका छौँ ।"

**होमियोप्याथी उपचारका फाइदा**

चिकित्सालयका प्रमुख डा श्रीवास्तवका अनुसार यो उपचार पद्धति करिब दुई सय २४ वर्ष पुरानो हो । "अहिलेसम्म होमियोप्याथी उपचारसम्बन्धी कुनै किसिमको नकारात्मक असर अध्ययन गर्दा देखा परेको छैन । यो समरूपताको सिद्धान्तमा आधारित छ", उनले भने ।

श्रीवास्तवका अनुसार होमियोप्याथी साधारण, सस्तो र प्रभावकारी उपचार पद्धति हो । "औषधि सेवन गर्नुपूर्व कुनै होमियोप्याथी चिकित्सकसँग परामर्श गरेरमात्र सेवन गर्नुपर्छ । चिकित्सकले धेरै कुरामा विचार गरी पछिल्लो जीवनशैलीबारे जानकारी लिएपछि मात्रै औषधि दिन्छन् । यसले गर्दा रोग छिटो ठीक हुन्छ", उनले भने ।

**विमालेख हरायो**

मेरो निम्न ब्यहोरा भएको एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि.को विमा लेख मिति २०८०/९/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : शाहजेब अनबर होदा**
**विमालेख नं.: ६६२२००२३५०३**
**ठेगानाः मिथिला न.पा.-२, ढल्केवर**
**मो.नं. ९७६५७५९७५०**

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-१ मा अवस्थित बाबा जलेश्वरनाथको मन्दिरमा फूलमाला बेच्दै मालीहरू। पूजाआजा गर्न भक्तजनलाई सजिलो होस् भनी प्रत्येक दिन फूलमाला बेच्ने गरिन्छ। *तस्बिर :रासस*

# प्रेस चौतारीले ६ पत्रकारलाई पुरस्कृत गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । प्रेस चौतारी नेपालले यसवर्षको हृदयचन्द्र सिंह प्रधान स्मृति पत्रकारिता पुरस्कार अन्नपूर्ण दैनिकका सम्पादक अखण्ड भण्डारीलाई प्रदान गर्ने भएको छ।

चौतारीको २६औँ स्थापना दिवसका अवसरमा उक्त प्रदान गरिने प्रेस चौतारीका महासचिव हीरामान लामाले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

त्यस्तै, अग्निशिखा स्मृति पत्रकारिता पुरस्कार सिन्धुपाल्चोकका माधव नेपाल, डेकेन्द्र थापा स्मृति पत्रकारिता पुरस्कार रुकुमपूर्वका महेश केसीलाई प्रदान गरिने भएको छ।

चौतारीले वीरेन्द्रकुमार साह क्रियाशील पत्रकारिता पुरस्कार रौतहटकाफनिदेवमहत,सावित्रीदेवी-पद्मलक्ष्मी बस्नेत स्मृति पत्रकारिता पुरस्कार काभ्रेपलाञ्चोकी काजल तामाङ, चन्द्र न्यौपाने शान्तिराम कार्की स्मृति पत्रकारिता पुरस्कार रामेछापकी यासिमा महतलाई प्रदान गरिने प्रेस चौतारीले जनाएको छ।

चौतारीको यही माघ २२ गते आफ्नो २६औँ स्थापना दिवस मनाउने र उक्त पुरस्कार प्रदान गरिने चौतारीका महासचिव हीरामान लामाले जानकारी दिए।

चौतारीले पुरस्कार छनोट गर्नका लागि वरिष्ठ पत्रकार गोविन्द पोखरेलको संयोजकत्वमा सङ्गठनका महासचिव हीरामान लामा र सचिव हरिवल्लभ नेपाल सदस्य रहेको समिति गठन गरिएको थियो।

# भूकम्प पुनःनिर्माणसम्बन्धी एकीकृत कार्यविधि बन्दै

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय विपद् जोखिम न्यूनकरण तथा व्यवस्थापन प्राधिकरण भूकम्पपछिको पुनःनिर्माणसम्बन्धी कार्यविधि निर्माणमा जुटेको छ। विसं २०७२ को भूकम्पपछि बनाइए पनि पछि नयाँ कार्यविधि नबनेकाले यसपटक




एकीकृत कार्यविधि निर्माणमा प्राधिकरण जुटेको हो।

तत्कालीन समयमा पुनःनिर्माण प्राधिकरका धेरै जिम्मेवारी विपद् प्राधिकरणमा हस्तान्तरण गरिएको थियो। त्यसपछि भूकम्प पुनःनिर्माणको कार्यविधि नै नबनेकाले पहिलो पटक कार्यविधि निर्माण हुँदैछ। त्यसबेला सङ्घमार्फत नै पुनःनिर्माणको काम अघि बढाइएको थियो।

यसपटक स्थानीय तहलाई मुख्य जिम्मेवारी दिएर काम अघि बढाउने गरी कार्यविधि निर्माण भइरहेको प्राधिकरणका नीति तथा योजना महाशाखा प्रमुख, सहसचिव भरतमणि पाण्डेले जानकारी दिए। "हामीले स्थानीय तहलाई बढी जिम्मेवार र भूमिका दिनेगरी पुनःनिर्माणका लागि एकीकृत कार्यविधि अन्तिम चरणमा पुऱ्याएका छौँ", उनले भने, "पहिला बनेको कार्यविधिमा प्रदेश, स्थानीय सरकार खासै सहभागी थिएनन्। यसपाली स्थानीय सरकारमार्फत काम गर्नै गरी कार्यविधि अघि बढाएका छौँ।"

यसपटक प्रवलीकरण, पुनःनिर्माण र पुनःस्थापनलाई छुट्टाछुट्टै व्यवस्था गरिने जनाइएको छ। कस्तो अवस्थामा प्रवलीकरण हुने, कस्तो अवस्थामा पुनःनिर्माण र कस्तो अवस्थामा पुनःस्थापना गरिने भनेर छुट्टै व्यवस्थासहितको एकीकृत कार्यविधि तयार पारिने प्राधिकरणले जनाएको छ ।पुनःनिर्माणको कामसहितको कार्यविधि निर्माणका लागि प्राधिकरणको टोली केहीअघि मात्रै भूकम्प प्रभावित क्षेत्रमा पुगेर सुझाव सङ्कलन गरी फर्किएको छ । स्थलगत अवलोकनपछि आएको सुझावलाई समावेश गरी कार्यविधि निर्माण हुने प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले बताए।

कार्यविधि अन्तिम चरणमा रहेकाले चाँडै गृहमन्त्रालयमा पठाइने र मन्त्रालयको राय लिएर कार्यविधिलाई अन्तिम रुप दिने तयारीमा रहेको प्राधिकरणले जनाएको छ। कात्तिक १७ गते आएको जाजरकोट भूकम्पमा ८० हजार घर भत्किएका छन् । अहिले अस्थायी आवास निर्माणको काम जारी रहेको छ।

# वेपत्ता युवाको शव बरामद दुई जना पक्राउ

**टुडे समाचारदाता**

राजविराज । विगत दश दिनदेखी सम्पर्क विहीन बनेका एक युवाको मृत शरीर फेला परेपछि प्रहरीले अनुसन्धान तीब्र बनाएको छ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ५ घर भएका १९ वर्षीय रुपेश कुमार मुखिया मृत अवस्थामा फेला परेपछि प्रहरीले अनुसन्धान तीब्र बनाएको छ।

यस क्रममा मृतक रुपेशका दुई जना साथीलाई सोधपुछका लागि नियन्त्रणमा लिई अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी ढुण्डिराज न्यौपानेले जानकारी दिए।

माघ ११ गते पूर्णिमाका दिन सप्तकोशीमा लाग्ने मेला भर्न गएका रुपेश सोही दिनदेखी सम्पर्कविहीन भएका थिए।

प्रहरी र परिवारजनले उनको खोजी कार्य जारी राखेका बेला उनको मृत शरीर हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहस्थित कोशी ब्यारेजको ढोका नं. ४१ मा अडकिएको अवस्था फेला परेको थियो।

परिवारजनले रुपेशसँग गएका साथीहरुले नै हत्या गरेको दाबी गर्दै घटनाको सूक्ष्मअनुसन्धान गरी दोषीमाथि कडा कारवाहीको माग गरेका छन्।

डिएसपी न्यौपानेले मृतकको शव पोष्टमार्टमका लागि धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाई घटनाबारे थप अनुसन्धान भइरहेको जनाएका छन्।

# फरार अभियुक्त पाँच वर्ष पछि फेला

**टुडे समाचारदाता**


राजविराज । अपहरण तथा शरीर बन्धक मुद्दामा अदालतबाट दोषी ठहर भइ फरार रहेका एक अभियुक्त पाँच वर्षपछि पक्राउ परेका छन् । सप्तरीको खडक नगरपालिका ५ का ५० वर्षीय शुभनारायण ठाकुरलाई आइतबार सोही वडाको खोजपुर गाउँमा लुकिछिपि बसेको अवस्थामा प्रहरीले पक्राउ गरेको छ।

खोजपुरमा लुकिछिपि बसिरहेको गोप्य सूचना पाएपछि परिचालन गरिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज न्यौपानेले जानकारी दिए।

सिरहा जिल्ला अदालतबाट उक्त मुद्दामा दोषी ठहर भएर फरार रहेका ठाकुरको खोजीकार्य व्यापक बनाइएपछि सफलता मिलेको उनले बताए। सिरहाका एक व्यक्तिको अपहरणमा ठाकुरलाई अदालतले दोषी ठहर गर्दै २०७५ साल जेठ २० गते ९ वर्ष कैद सजाय तथा ५० हजार जरिवाना तोकेको थियो। अदालतले सजाय तोके पनि ठाकुर फरार रहेका थिए।

सिरहा जिल्ला अदालतले सोको लगत सप्तरी जिल्ला अदालतलाई पठाएको थियो । ठाकुरलाई अदालतमा पेश गरिएपछि आदेशानुसार कैद भुक्तानका लागि कारागार पठाइएको प्रहरीले जनाएको छ।

# लुम्बिनीमा अन्तर्राष्ट्रिय त्रिपिटक वाचन समारोह



**टुडे समाचारदाता**

काठमाण्डु । अखिल नेपाल भिक्षु महासङ्घले तेस्रो अन्तर्राष्ट्रिय त्रिपिटक वाचन समारोह आगामी फागुन १९ देखि २२ गतेसम्म लुम्बिनीमा आयोजना गर्ने भएको छ।

विश्व शान्ति मानव कल्याणको उद्देश्यले मायादेवी मन्दिर तथा त्यस वरपर क्षेत्रमा बुद्ध धर्मको मूल ग्रन्थका रुपमा स्थापित त्रिपिटक वाचन गर्न लागिएको हो । अन्तर्राष्ट्रिय समुदायलाई बौद्ध तीर्थस्थल, बौद्ध शिक्षा, साहित्य तथा दर्शन, त्रिपिटकको महत्वबारे जानकारी गराउनुका साथै धार्मिक पर्यटनको प्रचारप्रसारका लागि त्रिपिटक बाचन गर्न लागिएको आयोजक समितिका कोषाध्यक्ष भिक्षुपंच मूर्ति महास्थविरले जानकारी दिए।

उहाँका अनुसार नेपाल, भारत, श्रीलङ्का, म्यान्मा, थाइल्याण्ड, कोरिया, जापानलगायत एशियाली देशका भिक्षु, धर्मगुरु, अनुयायीको सहभागिता रहने उक्त कार्यक्रममा बुद्ध वचनको सङ्ग्रह त्रिपिटकअन्तर्गतका विनय पिटक, सुत्र पिटक र अभिधर्म पिटकको वाचन हुने छ।

सुत्रपिटक अन्तर्गतको दीर्घनिकायको ब्रह्मजालसूत्र, अभिधर्म पिटक वाचन र विनयपिटक वाचन गरिने छ । त्रिपिटक वाचनका क्रममा शान्ति पदयात्राको कार्यक्रम राखिएको छ । सर्वसाधारणसमेत सहभागी हुनसक्ने गरी कार्यक्रम आयोजना गरिएको छ।

त्रिपिटक बौद्ध धर्मको मूल ग्रन्थ हो । हिनयान, महायानलगायत सबै सम्प्रदायका बौद्ध अनुयायीले अवलम्बन गर्ने यो ग्रन्थमा बुद्धको उपदेश सङ्ग्रहित छ । यो ग्रन्थ पाली भाषामा लेखिएको भए पनि धार्मिक प्रभाव अनुसार विभिन्न भाषामा अनुवाद गरिएको छ। ग्रन्थमा बुद्धले बुद्धत्व प्राप्त गर्दादेखि महापरिनिर्वाण हुनुअघिसम्म दिएका धार्मिक उपदेश तथूप्रवचन सङ्कलन गरिएको छ । बुद्धको महापरिनिर्वाणपछि बुद्ध बचनलाई एक सुत्रमा सङ्ग्रह गरिएपछि विभिन्न सम्प्रदायको विकास भएको पाइन्छ।

त्रिपिटक अन्तर्गतका विनयपिटकलाई सुत्तपिटक र अभिधम्म पिटकलाई विभिन्न समयमा विभाजन गरिएको छ । विनयपिटक अन्तर्गत सुत्तविभङ्ग, खन्धक, परिवार, पातिमोक्ख छन्। सुत्तपिटक अन्तर्गत दीघनिकाय, मज्झिम निकाय, संयुक्त निकाय, अङ्गुत्तर निकाय, खुद्दक निकाय र अभिधम्मपिटक अन्तर्गत धम्मसङ्गणी, विभङ, धातुकथा, पुग्गलपञ्ञती कथावत्थु, यमक र पट्ठानलगायत अध्याय छन्।

# महिला हिंसाको घटना बढ्दो

**टुडे समाचारदाता**

इनरुवा। सुनसरीमा महिला हिंसाको घटना बढ्दो क्रममा रहेको पाइएको छ। जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार महिला हिंसाको घटना बढ्दो क्रममा रहेको प्रहरी नायब उपरीक्षक नवीनकृष्ण भण्डारीले जानकारी दिए। जिल्लामा चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा ५४ वटा जबरजस्ती करणीसम्बन्धी मुद्दा दर्ता भएको उनको भनाइ थियो।



आर्थिक वर्ष २०७८/७९ मा जबर्जस्ती करणीसम्बन्धी एक सय वटा मुद्दा दर्ता भएकामा २०७९/८० मा १०६ वटा मुद्दा दर्ता भएको थियो । जबर्जस्ती करणी उद्योगमा आव २०७८/७९ मा ३० वटा र ०७९/८० मा १६ वटा मुद्दा दर्ता भएको थियो भने चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा आठ वटा मुद्दा दर्ता भएको प्रहरीको तथ्याङ्कले देखाएको छ।

मानव बेचबिखन शिर्षकमा आव २०७८/७९ मा आठ वटा र ०७९/८० मा एउटा मुद्दा दर्ता भएको थियो भने चालु आवको पुससम्ममा एउटा मात्र मुद्दा दर्ता भएको छ। त्यसैगरी अपहरण तथा शरीर बन्धक शीर्षकमा आव २०७८/७९ मा चार वटा र ०७९/८० मा दुई वटा मुद्दा दर्ता भएको थियो भने चालु आवको पुस सम्ममा दुई वटा मात्र मुद्दा दर्ता भएको छ।

त्यसैगरी 'बाल बिज्यांई' शीर्षकमा आव २०७८/७९ मा एउटा र ०७९/८० मा एउटा मुद्दा दर्ता भएकामा चालु आवको पुसमहिनासम्म एउटा पनि मुद्दा दर्ता नभएको प्रहरीले जनएको छ। त्यसैगरी बोक्सीको अरोपमा आव २०७९/८० मा एउटा र चालु आवको पुससम्ममा एउटा मुद्दा दर्ता भएको थियो।

बालयौन दुरुपयोग शीर्षकमा आव २०७८/७९ मा १५ वटा र ०७९/८० मा १४ वटा मुद्दा दर्ता भएकामा चालु आवको गत पुस सम्ममा पाँच वटामात्र मुद्दा दर्ता भएको थियो। त्यसैगरी बहुविवाह शीर्षकमा आव २०७८/७९ मा ३६ वटा र ०७९/८० मा २६ वटा मुद्दा दर्ता भएको थियो भने चालु आवको पुससम्ममा १९ वटा मात्र मुद्दा दर्ता भएको प्रहरी नायब उपरीक्षक भण्डारीले जानकारी दिए।

समाजमा महिलाका लागि आधार भूत तथा उच्च शिक्षामा कम लगानी, विविधताको पहिचान र सम्मान नहुनु, तेस्रो लिङ्गिको सवाल, फितलो समावेशीताको नीति, लैङ्गिक असमानता, विद्यमान नीति कार्यान्वयनमा ढिलाइ, बढ्दो परनिर्भरता, बेरोजगारी, कुसंस्कार, सामाजिक सञ्जालको दुरुपयोग, लक्षित वर्गको पहुँच पुग्न नसक्नु र सहभागितामा कमीले महिला हिंसाको घट्ना बढ्दो क्रममा रहेको प्रहरी उपरीक्षक विपीन रेग्मीले जानकारी दिए।

# विश्व अर्बुद रोग दिवस मनाइँदै

**टुडे समाचारदाता**

काठमाण्डु। आइतबार विश्व क्यान्सर (अर्बुद) दिवस क्यान्सरविरुद्धको विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाइँएको छ। यस दिवस हरेक वर्षको फेब्रुअरी ४ तारिखका दिन मनाइन्छ। ' बढ्दैछ चुनौती क्यान्सरको, पहुँच बढाऔँ स्याहारको' भन्ने नाराका साथ नेपालमा पनि विभिन्न सचेतनामूलक कार्यक्रम गरी यो दिवस मनाइँदैछ।

अर्बुद रोग भनेको शरीरको कोश या कोशिकाहरूको समूहको अस्वाभाविक वृद्धि हो। यदि यसलाई समयमै नष्ट गरिएन या हटाइएन भने शरीरभरि नै यो रोग फैलिन्छ र अन्ततः मृत्युको कारण नै बन्न पुग्छ। यस रोगको उपचार शल्यक्रिया, केमोथेरापी, रेडियोथेरापी अथवा यी तीनै विधि एकसाथ प्रयोग गरेर प्रारम्भिक अवस्थामा अर्बुद रोगको उपचार गर्न सकिन्छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)का अनुसार सन् २०२२ मा करिब एक करोड व्यक्तिको मृत्यु अर्बुद रोगका कारण भएको छ। डब्लुएचओका अनुसार अर्बुद रोगबाट हुने मृत्युमध्ये पनि करिब एकतिहाइ सुर्तिजन्य पदार्थको प्रयोग, मोटोपन, मदिरा सेवन, फलफूल तथा तरकारीको कम सेवन र शारीरिक क्रियाकलापको अभ्यास कमीका कारण हुने गरेको छ।

यस्तै सबैभन्दा धेरै फोक्सोको अर्बुद रोग देखिएको छ। स्तन, प्रोस्टेट, कोलोरेक्टम, पेट, कलेजो र मूत्राशयमा अर्बुद रोग बढी हुने गरेका छन्।

नेपालमा अर्बुद रोगका बिरामीको यकिन तथ्याङ्क नभए पनि डब्लुएचओका अनुसार नेपालमा पाठेघरको मुख, स्तन र फोक्सोमा हुने अर्बुदका कारण धेरै महिलाको मृत्यु हुने गरेको छ। यस्तै पुरुषमा फोक्सो, पेट र कलेजोमा अर्बुदको रोग बढी हुने गर्छ।

**नेपाल सरकार**


**गृह मन्त्रालय**

**जिल्ला प्रशासन कार्यालय, धनुषा**

**जनकपुरधाम**

**सूचना ! सूचना !! सूचना !!!**

अरुण-३ जलविद्युत आयोजनाको ४०० के.भी. प्रसारण लाईनको जिल्ला धनुषामा, मिथिला नगरपालिका वडा नं. ६ मा पर्ने टावर नं. ३/० देखि टावर नं. ३/१ मा पर्ने ढल्केवर देखि जनकपुर ६ लेन बाटोमा तार तान्ने क्रममा मिति २०८०/१०/२२ र २३ गते समय (१२:०० देखि ६:००) ६ घण्टासम्म सडक अवरुद्ध गर्नुपर्ने भएकोले सर्वसाधारणको लागि यो सूचना प्रकाशन गरिएको छ। उक्त अवधिमा सवारीसाधनको आवतजावतको लागि राजमार्ग नजिकको डाइभर्सनको प्रयोग गर्नु हुन र एम्बुलेन्स तथा अन्य अत्यावश्यक सेवाका सवारी साधनलाई काम गर्दै छाड्दै जाने क्रममा सोही बाटो हुँदै सवारी साधन आवत जावत हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# बैदेशिक वाध्यताको अन्त गर

मुलुकबाट दैनिक सयौ जना वैदेशिक रोजगारमा जाने क्रम रोकिएको छैन् । समथर जग्गा भए पनि विभिन्न बाध्यताका कारण मधेशबाट मात्रै दैनिक सयौ जना विदेशिने क्रम जारी छ । मुलुकमै सवै भन्दा बढी धनुषा जिल्लाबाट बैदेशिक रोजगारमा गएको तथ्यांक नेपाल सरकार समक्ष नै छ । विभिन्न कालखण्ड हुदै अहिले सम्म मधेशका जनताले के पायो ? वैदेशिक रोजगारमा जानकालागि एउटा पासपोर्ट । जसले मुलुक सहित आफ्नो परिवार सम्मलाई पाल्ने गरेका छन् । बैदेशिक रोजगारबाट फर्केका एक जना मोहम्मद नादाफ आफ्नो २५ बर्षको अनुभव सुनाउने क्रममा भने-' खाडीमे कमाए वलासँ देशके तँ रेमिटेन्स भेटै छै, मुदा स्वयं ओकरा की भेटै छै?

सुगर-प्रेसरग्रस्त शरीर, माए-बापक अस्थी, बौआएल-बिगड़ल धीयापुता आ जुआनी झखडी़ गेल कनियाँ ।' उनको यस्ता भावनाले उनी जस्ता वैदेशिक रोजगारमा रहेकाहरुको पीडा बुझ्न सकिन्छ । समान्यता मधेशमा अत्यधिक ३० देखि ४० डिग्रि सम्मको तापक्रममा रुखमुनि वा पंखाको तल बस्नेहरु बैदेशिक रोजगारमा हुँदा त्यहाँको तापक्रम ४० डिग्रिबाट शुरुनै हुन्छ त्यस्तो अवस्थामा उनीहरु कसरी काम गर्दै होला भनेर कसले सोच्ने । आफ्नो मुलुकको कलकारखानाहरु बन्द गरेर लेवर उत्पादन गर्ने मुलुक बनाएर कहिले सम्म मुलुकलाई धान्न सकिन्छ । भयो अधिकारकोलागि भएका आन्दोलनहरुबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गरियोस तर, रोजगारीको व्यवस्था कसले र कहिले गर्ने । आम सर्वसाधारणको पीडा सरकारले कहिले बुझ्ने । बैदेशिक रोजगारमा जानेहरु फर्केर आउँछ कि आउँदैन् , जिउँदै आउँछ कि बाकसमा आउँछ त्यसको कुनै ग्यारेन्टी हुँदैन् । सरकारले एक पटक पनि सोच्न चाहेका छैनन् । निर्वाचनको वेला विदेशवाट मतदान गर्न पाउने व्यवस्था गर्नुपर्ने जोडदार माग गर्नेहरु वैदेशिक रोजगारको बाध्यता अन्त तिर भने चासो किन देखाउँदैन् । जनताको भावना संग कहिले सम्म खेलवाड गर्ने । यस मुलुकमा जन्मने वितिकै ऋणको भार लिएर जन्मिनुपर्ने बाध्यताको अन्त कहिले गर्ने ? एसईईको परीक्षा दिएर पढेर पनि वैदेशिक रोजगारमै जानुपर्ने सोच कलिला बालबालिकाको मनमस्तिष्कबाट कहिले हटाउने ? सत्तामा टिकिरहने उपायहरु अपनाए पनि रेमिटान्सको भरमा मुलुक कहिले सम्म चलाउने ? आफ्नो मुलुकको कलकारखाना कहिले सञ्चालन गर्ने, विद्युत् उत्पादनमा बढोत्तरी गरेर मुलुकलाई ऋण भारबाट कहिले अन्त गर्ने लगायतका प्रश्न जनता जनता समक्ष छ तर कहाँ पोख्ने ? यस्ता बाध्यतात्मक परिस्थिति सृजना गरेर मुलुकलाई समृद्धिको बाटोमा डोरयाएको हास्यास्पद अभिव्यक्ति दिनेहरुको पक्षमा पनि ताली बजाउनेहरु हेरेर नै छक्क लाग्नुपर्छ । मुलुकलाई समृद्धिको बाटोमा डोर्‍याउँन करको भारवाट मुक्त गर्नु पर्छ र जनतालाई कम्तिमा गास, बास र कपासको व्यवस्थापन सरकारले गर्नुपर्ने हुन्छ । तर, वैदेशिक रोजगारमा पठाएर लेवर उत्पादन गर्ने मुलुक बनाएर ठूल ठूला गफ दिएर बस्नेहरु कहिले सम्म रेमिटान्सको भरमा मुलुक चलाउला ?

# क्यान्सरको भय र भ्रम हटाउन जरुरी छ



डा प्रकाश बुढाथोकी

गुल्मी-तम्घास घर भएका रामकृष्ण देब्रे घाँटीमा घाडो आएपछि क्यान्सर नै भयो भनी अत्तालिएर सेटेलाइट क्लिनिकको राजधानी मानिने बुटवलमा र त्यसपछि भरतपुर पुगी एफ एन ए सी. तथा वायोप्सी नै गराए । जहाँ उनी जस्तै गाडो, गठखलो र पिलो भएका थुप्रै बिरामी थिए । मुखबाट रगत र पिप लगातार बहँदा तथा गाउँघरका मानिसले थरिथरिका भयानक कथा सुनाउँदा पनि केही नलागेका रोल्पा थवाङ्का तेमन बुढा स्वास्थ्य शिविरमा आएका थिए । न यस समस्याले दुःख दिएको छ, न खाना नै मागेको छ, किन पैसाको कुटुरो बोकी चिकित्सकलाई बुझाउने भनी प्रतिवाद गर्दै थिए ।

क्यान्सर सानो उमेरमा हुँदैन, स्तन क्यान्सर महिलालाई मात्र हुन्छ, गिर्खा देखिनेबित्तिकै क्यान्सर हो, म्यामोग्रामले दुख्छ, क्यान्सर भएपछि मरिन्छ, केमोले झन असर गर्छ, क्यान्सर सरुवा रोग हो भन्नेजस्ता भनाइ पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका थुप्रै स्वास्थ्य शिविरहरुमा सुन्न पाइन्छ । अन्तराष्ट्रिय क्यान्सर नियन्त्रणका लागि युनियन (युआइसीसी)का अनुसार क्यान्सरबाट वर्षेनी ७० लाख मर्ने गरेका छन् भने एक करोड १० लाख नयाँ क्यान्सरका बिरामी देखा पर्दछन् । मुटु तथा नशा रोगपछि मानिसको ज्यान लिने दोस्रो भयानक रोग पनि हो । यो क्रम जारी रहे वर्षेनी एक करोड बढीको मृत्यु क्यान्सरबाट हुने अनुमान गरिएको छ । वर्तमान विश्वमा हुने कुल मृत्युमध्ये १३ प्रतिशत कारक तत्व क्यान्सर हो र करिब ९० प्रतिशत क्यान्सर खानपिन, रहनसहन, वातावरण, जीवनशैली आदिको कारणले र १० प्रतिशत शरीरको आन्तरिक कारणले हुने गर्दछ । विश्व स्वास्थ्य सङ्गठन अनुसार विश्वमा प्रतिवर्ष ६० लाखभन्दा बढी, नेपालमा २५-३० हजार मानिस यस रोगबाट पीडित हुने गरेका छन्, जसमा आधाभन्दा बढी महिला नै पर्दछन् । नेपालमा प्रत्येक एक लाख जनसंख्यामा १०० देखि १२० जना नयाँ क्यान्सरका रोगीहरु प्रत्येक वर्ष थपिने र करिब ७५ हजार क्यान्सरका रोगी हर समयमा नेपालमा भएको अनुमान छ । एकातिर यस्तो भयावह स्थिति छ भने अर्कोतिर क्यान्सर बनाउन सक्ने कारणहरु विगतका दशकमा १२ सय गुणाले उत्पादन तथा प्रचारप्रसारमा वृद्धि भएको तथ्याङ्कले हामी स्वास्थ्यकर्मी मात्र हैन, स्वास्थ्यप्रति सचेत जनता र राष्ट्रलाई नै चिन्ताको विषय बनाएको छ ।

### क्यान्सर के हो ?

शरीरको अङ्गप्रत्यङ्गका कोषहरु वा कोषीकाहरु अनियन्त्रित र असामजस्य रुपमा अस्वाभाविक आकार र संख्यामा वृद्धि भएर शरीरलाई प्रतिकूल असर पार्ने, नसर्ने रोगहरुमध्येको सबैभन्दा डरलाग्दो र प्राणघातक रोग क्यान्सर हो । क्यान्सरले आफू नजिकका तन्तुहरुलाई असर पार्नुका साथै शरीरमा एक स्थानबाट अर्को स्थानमा तन्तुमा रगत, लिम्फ आदिबाट सर्न वा असर पार्न सक्दछ । तर एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दैन । अर्बुदरोग उपचार गर्न सकिने एक दुःख हो जुन पुरुषमा प्रायःजसोको उपचार हुन्छ र महिलामा झन् शुरुमै पत्ता लगाउन सकिन्छ ।

### किन क्यान्सर हुन्छ ?

अर्बुदरोग हुने सम्भावना निश्चितरुपले बढाउनेमा रसायनिक विकीरण, विषाणु, हर्मोन, दीर्घकालीन घर्षण, चोटपटक, धातु, प्लाष्टिक पर्दछन् । सुर्ती तथा सुर्तीजन्य पदार्थ जस्तै : ध्रुमपान, खैनी, बिडीको सेवन र मादक पदार्थको सेवन यसका मुख्य कारण हुन् । तयारी खाना, बासी खाना र बढी चिल्लो भएको खानाले पनि क्यान्सरको जोखिम बढाउँछ भने विषालु रसायन, आर्सेनिक, निकेल, अस्वेस्टस, अल्कत्रा र तारले पनि क्यान्सर हुन मद्दत गर्दछ । एक्सरे, अल्ट्राभाइलेटजस्ता विकिरण पनि यसका कारण हुन सक्छन् । इबिभी, एचपिभी, एचएसभी-१, सिएमआई, भारिसेला जुस्टरजस्ता भाइरसको प्रवेश तथा भिटामिन ए, ई र सी, खनिज तत्व, फलाम, जस्ता, तामा र म्यागनिजजस्त पोषणको कमी, असुरक्षित यौन व्यवहार एवं हर्मोन र स्ट्रोजेन र टिएसएचका कारण पनि क्यान्सर हुन सक्दछ । कतिपय व्यक्तिमा उमेर पाको हुँदै जाँदा र वंशानुगत आधारमा पनि यो रोग भएको पाइन्छ ।

आमाबाबु दुवै या एकमा क्यान्सर भएमा सन्तानमा हुनसक्छ जस्तै आँखामा हुने क्यान्सर रेटिनोब्लास्टोमा र स्तनक्यान्सर हरेक व्यक्तिले आफ्नो आहार-विहारमा परिवर्तन गरेमा ४० प्रतिशत क्यान्सर रोक्न सकिन्छ । धुम्रपान वा सुर्तीसेवन फोक्सो र शरीरका अन्य भागमा क्यान्सर बनाउने मुख्य कारण हो । आधुनिक जीवनशैली, रेष्टुरेन्टको विकास तथा पाश्चात्य परम्पराको नक्कलले गर्दा विभिन्न किसिमका सेकुवा तथा मदिराको प्रयोगमा बढोत्तरी भएको छ । पोलेको मासुमा नाइट्रोसमाइन रसायन हुने भएकाले मद्यपानसँगै खाँदा मुख, खाद्य नलीको क्यान्सर हुन सक्छ । रक्सीको साथ चिनीया बदम खानेलाई कोलन (दिशा नली) र कलेजोको क्यान्सर हुन सक्छ । त्यसैगरी गाडीको टायर बाल्दा उत्पन्न हुने धुवाँमा डाइअक्सिन हुने भएकाले क्यान्सर हुन सक्छ । पुरुषको लिङ्गमा जम्मा हुने सेतो पद्धार्थले क्यान्सर गराउन सक्ने भएकाले प्रत्येक पुरुष तथा महिलाले लिङ्ग र योनी सधैँ सफा राख्नुपर्दछ । सफा नराख्दा लिङ्ग र पाठेघरको क्यान्सर हुने जोखिम उच्च रहेको छ ।

> स्वास्थ्यप्रति चेतनशील रहने र नियमित स्वास्थ्य परीक्षण गर्ने जस्ता व्यक्तिगत एवं वातावरणीय सरसफाई, उचित खानपान तथा स्वस्थ जीवनयापन गर्नाले क्यान्सर रोगबाट जोगिन सकिन्छ । त्यसैगरी शुरुकै अवस्थामा रोग पत्ता लगाई उपचार गरेमा धेरैजसो क्यान्सर पूर्णतया निको पार्न सकिन्छ र दीर्घायु तथा मानवोचित, जीवनयापनमा सहयोग पुग्दछ ।

### लक्षणहरू के के हुन् त ?

क्यान्सर बालबालिकादेखि वृद्धसम्म सबैलाई लाग्न सक्छ । तर पनि जति उमेर बढ्दै गयो त्यति नै क्यान्सर लाग्ने सम्भावना बढ्दै जान्छ । तर क्यान्सरको प्रकृति र किसिममा भने भिन्नताहरु हुन्छन् । नेपालमा देखिएका क्यान्सरहरुमा पुरुषमा मुख तथा घाँटीको, फोक्सोको र ठूलो आन्द्राको सबैभन्दा बढी पर्दछ भने स्त्रीमा पाठेघरको मुखको, स्तन र फोक्सोको क्यान्सर तथा बालबालिकामा रगत र आँखा सम्बन्धी क्यान्सर बढी देखिएको छ । सरकारी आँकडा हेर्दा पुरुषमा फोक्सोको, महिलामा स्तनको र बालबालिकामा रगतको क्यान्सर प्रमुख पाइन्छ ।

सुरुका आठ लक्षणहरुमा बिना कारण वजन घट्न जाने, अपच वा खाना निल्न गाह्रो हुने, दिशा वा पिसावको बानीमा फरक पर्न जाने, असाधारण रक्तस्राव वा पिप आउने र उपचारबाट पनि पुरानो घाउ निको नहुने हुन्छ । त्यस्तै हतपत निको नहुने खोकी वा घोक्रो स्वर भएमा, कोठीको रङ र आकारमा परिवर्तन देखा परेमा र स्तन वा शरीरका अन्य भागमा दुख्ने वा नदुख्ने गिर्खा आएमा पनि क्यान्सरको लक्षण मान्न सकिन्छ । यस रोगमा अङ्गअनुसार लक्षणहरु पनि फरक-फरक देखिने गर्दछ । क्यान्सर लागिसकेपछि व्यक्ति दुब्लो, पातलो, कमजोर हुँदै जाने, भोक नलाग्ने, रक्तअल्पत्ता हुने र प्यारानियोब्लस्टीक सिन्ड्रोम हुँदै सिकिस्त हुन्छ र अन्त्यमा मृत्यु हुन्छ ।

### निदान कसरी गर्न सकिन्छ ?

बिरामीको इतिहास सविस्तार जाँच गरेर, रगत, दिशा, पिसाबको परीक्षण गरेर, सियोले गिर्खाबाट पानी झिकी परीक्षण गरेर (एफएनएसी) तन्तु वा कोषको बायोप्सी गरेर, साधारण तथा स्पेसल एक्सरे अल्ट्रासोनोग्राम, सिटीस्क्यान, एमआरआई र इन्डोसकपिक जाँच गरेर क्यान्सरको निदान गर्न सकिन्छ । क्यान्सरको स्टेजअनुसार उपचार फरक पर्ने भएकाले क्यान्सरको स्टेजिङ गर्ने गरिन्छ । पहिलो र दोस्रो स्टेजको क्यान्सरलाई शुरुको अवस्था तथा तेस्रो र चौथो स्टेजलाई जटिल अवस्था मानिन्छ । पहिलो स्टेजमा रोग उत्पन्न भएकै ठाउँमा सानो रुपमा दोस्रो र तेस्रो स्टेजमा सोही ठाउँमै ठूलो र जटिल रुपमा रहेको तथा चौथो स्टेजमा रोग अन्य भागमा सरेको अवस्था वा मेटास्टासिस हो ।

### उपचार के हुन सक्छ ?

कुनै पनि क्यान्सरको उपचार कति सफल रहन्छ भन्ने कुरा क्यान्सरको अवस्था, स्थान, प्रकार तथा किसिमले साथै बिरामीको स्वास्थ्य अवस्था र उमेरले पनि निर्धारण गर्दछ । यदि शुरुकै अवस्थामा नै क्यान्सरको निदान हुन सक्यो र उपचार शुरु गरियो भने उमेर ढल्किसकेका र रोगको अवस्था जटिल तथा ढिलो भइसकेकामा भन्दा सफल रहन्छ र क्यान्सर निको भई धनजनको क्षति न्यूनीकरण गर्न सकिन्छ ।

सोलिड ट्यूमरको उपचारमा शल्यक्रिया विकीरण र केमोथेरापिको प्रयोग गरिन्छ भने रगतसम्बन्धी क्यान्सरमा मुख्यतया केमोथेरापी र केहीमा विकिरणको प्रयोग गरिन्छ । निदानमा धेरै समय लाग्ने उपचारको क्रममा बारम्बार अस्पताल आउनु पर्ने, विभिन्न परीक्षणहरु बारम्बार गराउनु पर्ने, विकिरण तथा केमोथेरापीका कुप्रभाव, पार्श्वे प्रभावले बिरामी तथा आफन्तमा नकारात्मक सौँच ल्याउने भएकोले बिरामी स्वयं आफन्तहरु संलग्न चिकित्सकहरु र स्वास्थ्यकर्मीहरुमा धैर्यताको आवश्यकता पर्दछ । क्यान्सरको उपचारमा कुन उपचार गर्दा बिरामीलाई अत्यधिक लाभ हुन्छ भनी निर्णय गर्न क्यान्सर सम्बन्धी विभिन्न विशेषज्ञहरुको आपसी सहकार्य अत्यन्त आवश्यक हुने भएकाले विशेषज्ञहरुको भेला ट्यूमर बोर्ड गठन छ ।

क्यान्सर लागेको भागलाई चिरफार गरी निकाल्ने विधि शल्यक्रिया, कोषनाशक औषधिहरुको प्रयोगद्वारा गरिने उपचार विधि केमोथेरापी, विकिरणद्वारा क्यान्सर कोषहरु सेकी उपचार गर्ने विधि रेडियोथेरापी, कतिपय क्यान्सरको वृद्धि हुनुमा शरीरमा हर्मोनको उपस्थिति बढी हुनेमा उक्त हर्मोनको भाग हटाइदिएर वा हर्मोनको प्रयोगद्धारा उपचार गर्ने विधि हार्मोनथेरापी र क्यान्सररोग रोक्न सक्ने क्षमतालाई वृद्धि गर्ने विधि इम्युनोथेरापी क्यान्सरको उपचारमा प्रयोग गरिन्छ ।

### क्यान्सरबाट कसरी बच्ने ?

हालसम्म प्राप्त ज्ञान, सीप र प्रविधिले एक तिहाई क्यान्सर हुनु अगावै रोकथाम गर्न सकिने, अर्को एक तिहाई समयमै पत्ता लगाई उपचार गरी निको गर्न सकिने र बाँकी एक तिहाईलाई निको पार्न नसके पनि यस रोगबाट हुने पीडा कम गरी स्तरीय आयु लम्ब्याउन सकिन्छ । एक अध्ययनअनुसार महिलामा ६० प्रतिशत र पुरुषमा करिब ४० प्रतिशत क्यान्सरको कारक तत्व असन्तुलित भोजन नै हो । शुरुमा उपचार गरे क्यान्सर निको हुन्छ । तैपनि क्यान्सरबाट पाइने दुःख, हुने विकृति र विभिन्न समस्या तथा लाग्ने उपचार खर्चलाई सजिलैसँग नियन्त्रण गर्न सकिने भएकोले रोगको उपचार गर्नु भन्दा रोग लाग्न नदिनु नै उत्तम हुन्छ ।

- चुरोट, बिडी, खैनी, पान, तम्बाखु र गुटखा जस्ता लागू पदार्थ तथा सूर्तीजन्य पर्दाथको सेवन नगर्ने ।
- सडेगलेका, बासी, ढुसीपरेका, बेसी रङ्गाइएका, बुट्टाबुट्टी भएका र अखाद्य रङ मिसाइएका खानेकुरा नखाने ।
- बेसी पोलेको मासु, डढेका खानेकुरा र बढी तातो, चिसो, चिल्लो खाना नखाने, जाँडरक्सी सेवन नगर्ने वा थोरै मात्रा लिने,
- प्रत्येक दिन शारीरिक ब्यायाम गर्ने ।
- स्वच्छ सफा, ताजा, हरियो सागपात, पहेंलो फलफुल, गेडागुडी, रेसाजन्य तथा पौष्टीक पर्दाथ भएको शाकाहारी र सन्तुलित भोजन गर्ने (मासु खानै परे पनि सेतो मासु खाने) ।
- नक्कली र जथाभावी औषधीको प्रयोग नगर्ने, खाना खाइसकिपछि मुख सधैँ सफा राख्ने, वातावरणीय प्रदूषणबाट जोगिने ।
- धेरै जनासँग यौन सम्पर्क नराख्ने ।
- अनावश्यक मोटोपन घटाउने र नियमित शारीरिक व्यायम गर्ने, नून धेरै हालेको खाना कम खाने ।

अन्तमा, सन २०२२ देखि २०२४ सम्म फेब्रुअरी ४ को 'नारा क्लोजिङ द ग्याप ईन केयर' अर्थात क्यान्सरको उपचारमा हुने असमानताको अन्त गरौँ भन्दै मनाईदैछ । स्वास्थ्यप्रति चेतनशील रहने र नियमित स्वास्थ्य परीक्षण गर्ने जस्ता व्यक्तिगत एवं वातावरणीय सरसफाई, उचित खानपान तथा स्वस्थ जीवनयापन गर्नाले क्यान्सर रोगबाट जोगिन सकिन्छ । त्यसैगरी शुरुकै अवस्थामा रोग पत्ता लगाई उपचार गरेमा धेरैजसो क्यान्सर पूर्णतया निको पार्न सकिन्छ र दीर्घायु तथा मानवोचित, जीवनयापनमा सहयोग पुग्दछ । (लेखक स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता हुनुहुन्छ)

# नेपालमा क्यान्सरको अवस्था र चुनौती



प्रा डा योगेन्द्रप्रसाद सिंह

नेपालमा नसर्ने रोगहरूको प्रकोप बढ्दो छ । नेपालमा हुने सबै मृत्युहरूमध्ये झण्डै दुईतिहाइ मृत्यु यिनै नसर्ने रोगबाट हुने गरेको छ । नसर्ने रोगमध्येको एक महत्त्वपूर्ण रोग क्यान्सर पनि हो । नेपाललगायत अन्य विकासोन्मुख देशमा सर्नेभन्दा नसर्ने रोगको प्रकोप धेरै छ । नसर्ने रोग भन्नाले क्यान्सर, मुटुरोग, मिर्गौलाको रोग, डायबिटिज, श्वासप्रश्वासको रोग, अल्जाइमर आदि पर्दछन् । मानव जीवनमा हुने नसर्ने रोगहरूमध्ये क्यान्सर रोग जुनसुकै उमेर, लिङ्ग, जाति, वर्गलाई पनि हुनसक्छ । क्यान्सर कदापि सरुवा रोग होइन । यो एउटा निको हुने रोग हो । प्रायः क्यान्सर सुरु-सुरुको अवस्थामा पहिचान गर्न सक्यो भने नेपालमा नै निको पार्न सकिन्छ । नेपालमा पहिले सरुवा रोग र कुपोषणको समस्या बढी थियो भने वर्तमानमा क्यान्सरलगायत नसर्ने रोगहरू बढ्दै गएका छन् ।

क्यान्सर सरुवा रोग नभए पनि यसको प्रकोप बढ्दो छ । क्यान्सर भनेको हाम्रो जीवनशैली खानपिनमा भरपर्ने रोग हो । सबै क्यान्सर वंशानुगत हुँदैनन् । कुनै-कुनै मात्र वंशानुगत हुन्छन् । जस्तै महिलामा लाग्ने स्तन क्यान्सर, डिम्वाशयको क्यान्सर, ठूलो आन्द्राको क्यान्सर ५-१० प्रतिशत वंशानुगत हुन्छन् । प्रायः सबैलाई थाहा छ, सुर्तीजन्य पदार्थको सेवनले हामीलाई क्यान्सर गर्दछ । तर धेरैलाई थाहा छैन कि, मानव शरीरमा लाग्ने हरेक अङ्गको क्यान्सरको पहिलो कारकतत्व भनेको सुर्तीजन्य पदार्थ नै हो । सुर्तीजन्य पदार्थ भन्नाले चुरोट, बिँडी, हुक्का, पाइप, चिलिम, गुटखा, खैनी, पानपराग आदि पर्दछन् । नेपालमा बर्सेनि ३० हजार क्यान्सरका नयाँ बिरामी थपिन्छन् । करिब २० हजारको क्यान्सरकै कारण ज्यान जान्छ । धूमपानबाट हुने विशेषगरी फोक्सो, नाक, कान, घाँटी, मुख तथा पिसाब थैलीको क्यान्सर मुख्य छन् । यसका साथै सङ्क्रमणले हुने क्यान्सर जस्तै- पेट, पित्तथैली, कलेजो र पाठेघरको मुखको क्यान्सर हुन्छ । अस्वस्थकर खानपिन, निष्क्रिय जीवनशैली, मोटोपन र शारीरिक व्यायामको कमीलगायत कारणले प्रोस्टेट, आन्द्रा, स्तन, प्याङ्क्रियाजलगायतका अङ्गमा पनि क्यान्सर फैलिँदै गएको छ ।

नेपालमा हाल करिब ७५ लाख व्यक्ति प्रत्यक्षरूपमा पान, बिँडी, खैनी, सुर्ती, पराग, हुक्का सेवन गर्दछन् । यही अवस्था रहेमा त्यसको असरबाट प्रभावित भई क्यान्सरका रोगीहरूको सङ्ख्या पनि बढ्ने देखिन्छ । नेपालमा क्यान्सर रोगीहरूको तथा यसबाट मृत्यु हुनेहरूको तथ्याङ्कहरू प्राप्त छैन, तर पनि प्रतिलाख जनसङ्ख्यामा प्रतिवर्ष एक सयजना क्यान्सर रोगी थप्ने अनुमान गरिएको पाइन्छ । सो अनुमानअनुसार हाल नेपालको जनसङ्ख्याको अनुपातमा वार्षिक २५-३० हजार क्यान्सर रोगीहरू थपिने हुन्छ । विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको तथ्याङ्कले क्यान्सर रोगीहरूको सङ्ख्यामा दिनहुँ वृद्धि भइरहेको औँल्याएको छ । विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको तथ्याङ्कअनुसार आज बर्सेनि ३६ हजार व्यक्ति क्यान्सर रोगबाट पीडित हुँदै आएका छन् । साथै नेपालको प्रमुख अस्पतालहरूको तथ्याङ्कानुसार महिलाहरूमा लाग्ने क्यान्सर रोगमध्ये पाठेघरको मुखको क्यान्सर प्रथम स्थानमा र स्तन क्यान्सर दोस्रो स्थानमा रहेको छ । विश्वलगायत नेपालमा यी दुई क्यान्सरका कारण बर्सेनि हजारौँ महिलाको मृत्युदर बढिरहेको अहिलेको अवस्था छ ।

क्यान्सर एउटा यस्तो रोग हो जो शरीरको कुनै पनि भागमा एक नयाँ, अनियन्त्रित तथा लगातार बढिराख्ने असामान्य कोषहरूको समूहलाई प्रतिनिधित्व गर्दछ र यो शरीरका लागि खतरनाक हुन्छ । क्यान्सर कोषहरू शरीरको सामान्य कोषभन्दा भिन्दै खालको हुन्छ । कोषहरूको आकार नाप र भित्री बनावट फरक-फरक हुन्छ । क्यान्सर आफू नजिकका तन्तुहरूलाई असर पार्नुका साथै शरीरका अरु भागमा पनि फैलिन सक्छ । क्यान्सर सरुवा रोग होइन । क्यान्सर जसलाई पनि हुनसक्ने रोग हो । क्यान्सर रोगका केही प्रमुख तत्वहरूको सेवनप्रति नेपालीहरूले प्रायः लापरवाही गरिरहेको पाइन्छ । विशेषगरी सुर्तीजन्य सामग्री (चुरोट, बिँडी, खैनी, गुट्खा र कक्कर), रक्सी (मद्यपान), तारेको, भुटेको र पोलेको खाद्य वस्तुलगायत अजिनोमोटो प्रयोग गरिएको क्यान फुडलगायतका खाद्य सामग्री सेवनको चलन अधिक रहेको पाइन्छ । यसलाई आधुनिक जीवनशैली भनिए पनि यसले क्यान्सरको साथै अन्य रोगहरू हुने सम्भावना बढ्न सक्छ । यसका अतिरिक्त मोटोपनाले पनि रोगको सम्भावना बढाउँछ । नेपालमा विशेषतः फोक्सोको क्यान्सर र कोलोनको क्यान्सर बढी मात्रामा देखिँदै आएको छ ।

विश्वकै तथ्याङ्कलाई हेर्ने हो भने लोग्नेमान्छे र स्वास्नीमान्छे दुवैमा सबैभन्दा बढी पाइने पाँच प्रमुख क्यान्सर फोक्सो, स्तन, ठूलोआन्द्रा तथा मलाशय, प्रोस्टेट र आमाशयको क्यान्सर पर्दछ । क्यान्सरबाट हुने मृत्युको सङ्ख्या केलाउँदा फोक्सो, कलेजो, आमाशय, ठूलोआन्द्रा तथा मलाशय र स्तनको क्यान्सर प्रमुख मानिन्छ । दक्षिण एसिया क्षेत्रमा सबैभन्दा बढी मुखको क्यान्सर पाइन्छ, यसको प्रमुख कारण यस क्षेत्रमा ठूलो मात्रामा पान, चुन, सुर्ती आदिको सेवनले गर्दा हो । नेपालमा क्यान्सरका बिरामीको सङ्ख्या बर्सेनि बढ्दै गएको पाइन्छ । हालको तथ्याङ्कानुसार नेपालमा प्रमुख १० क्यान्सरमा फोक्सोको क्यान्सर १२ दशमलव दुई प्रतिशत, पाठेघरको मुखकोको क्यान्सर १० दशमलव नौ, स्तन क्यान्सर नौ दशमलव छ, आमाशयको क्यान्सर सात दशमलव छ, पित्तथैलीको क्यान्सर चार दशमलव नौ, मुख तथा ओठको क्यान्सर चार दशमलव एक, थाइरायडको क्यान्सर तीन दशमलव चार, ठूलो आन्द्राको क्यान्सर तीन, रगतको क्यान्सर दुई दशमलव नौ र डिम्बाशयको क्यान्सर दुई दशमलव नौ प्रतिशत रहेको छ ।

### क्यान्सरका केही यथार्थ र भ्रम

क्यान्सरसँग जोडिएका केही यथार्थ तथा भ्रमका कुराहरू पनि समाजमा रहेको पाइन्छ । केही वर्ष पहिले आम सोचाइ के थियो भने क्यान्सर भनेको विकसित देशमा नै हुने समस्या हो, तर खासमा भन्ने हो भने क्यान्सरबाट मृत्यु हुनेको संख्या विकसित देशहरूमा भन्दा विकासोन्मुख देशहरूमा बढी भएको तथ्याङ्कले देखाएको पाइन्छ । यथार्थपरक रूपमा भन्नुपर्दा क्यान्सर सरुवा रोग होइन, तर क्यान्सरका कारकतत्वजस्ता सुक्ष्म जीवाणु एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । क्यान्सर जुनसुकै उमेरमा हुन रोग हो । नपालमा प्रायः ४० वर्षपछि क्यान्सर देखिन्छ । बच्चामा पनि क्यान्सर हुन्छ । क्यान्सर शरीरका जुनसुकै भागमा हुनसक्छ । सुरुका अवस्थामा निदान गरी सही उपचार गर्न सके निको हुन्छ । यो रोगको उपचार हुन्छ । क्यान्सर रोगबाट बच्ने विभिन्न उपाय छन् । क्यान्सरलाई जित्न सकिन्छ । क्यान्सरको उपचारपछि पनि जीवन हुन्छ ।

यस्तै यस रोगका बारेमा मानिसले विभिन्न भ्रम पालेको देखिन्छ । धेरैले यसलाई क्यान्सर सरुवा रोग हो भन्ने गर्दछन् । परिवारमा कसैलाई क्यान्सर भयो भने सबैलाई हुन्छ भन्ने भ्रम मानिसमा रहेको छ । क्यान्सर निको हुने रोग होइन, यो रोग लागेपछि बाँच्ने सम्भावना हुँदैन भन्ने विश्वास धेरैले लिएका हुन्छन् । क्यान्सर पूर्वजन्मको पाप हो भन्ने पनि गरिन्छ । शरीरमा सानो गाँठो अथवा घाउ क्यान्सर हुन सक्दैन भनेर धेरैले समयमै उपचार नगराउँदा यो रोगको सङ्क्रमण भएको छ । क्यान्सरको उपचार गर्नु बेकार हो, क्यान्सर रोगबाट बच्ने कुनै उपाय हुँदैन भन्ने सोच राख्दा धेरैले उपचार नपाएर अकालमै मृत्युको मुखमा गएको उदाहरणहरू छन् । यो कुनै धनीलाई नहुने वा गरिबलाई हुने रोग होइन । क्यान्सर एक मान्छेबाट अर्को मान्छेमा सर्दैन । हाल आएर नेपालमा बढ्दो अव्यवस्थित सहरीकरणले गर्दा वातावरणीय तथा व्यावसायिक प्रदूषण बढिरहेको देखिन्छ । यो प्रदूषणले गर्दा केही खास क्यान्सर हुनसक्छ । एकदमै चिसो वा गर्मी ठाउँमा बस्ने मान्छेहरूको खानपान, रहनहन फरक भएको हुनाले क्यान्सर पनि फरक हुन्छ । कहिलेकाहीँ वंशाणुत गुणमा पनि निर्भर गर्दछ । उदाहरणका लागि आफ्नै आमा, दिदी/बहिनीलाई स्तन क्यान्सर भयो भने त्यो महिलामा क्यान्सर हुने सम्भावना बढेर जान्छ ।

### क्यान्सर पुनःस्थापनाको पहल

क्यान्सर भनेको मृत्यु होइन । यो एउटा निको हुने रोग हो । क्यान्सरको प्रायः वातावरणीय प्रभाव र जीवनशैलीले गर्दा हुन्छ, जसमध्ये कतिपय खास कारण थाहा नभए पनि लगभग ८० प्रतिशत क्यान्सरका कारण हाम्रो प्रयासबाट हटाउन सकिन्छ । धूमपानले मात्र एकतिहाई क्यान्सर हुन्छ तथापि हामीले धूमपानमात्रै बन्द गर्न सक्यौँ भने कतिपय क्यान्सरको रोकथाम सजिलैसित गर्न सकिन्छ । सायद चिकित्सा विज्ञानको विकासले नै होला, क्यान्सरका बिरामी निको हुने दर बढ्दै गएको छ । विकसित देशहरूमा त आधाभन्दा बढी मान्छे क्यान्सरबाट निको हुन्छन् र नयाँ सामान्य जीवनयापन गर्दछन् । क्यान्सरपछिको जिन्दगी सहज र सफल हुनु पर्दछ । अरुका लागि प्रेरणादायी हुनु पर्दछ । नेपालमा पनि क्यान्सर विजेताहरूको सङ्ख्या बढ्दै गएको छ । हाल आएर हाम्रो देशमा पनि क्यान्सर विजेताले सामाजिक अभियन्ता भएर कार्य गर्दैछन् । अरुको लागि प्रेरणाको स्रोत बनेको छ । केही सामाजिक संस्थाहरू गठन भएका छन् । पहिला-पहिला क्यान्सर भयो भने अरुलाई भन्दैनन् थिए र निको भएको कुरा पनि लुकाइन्थ्यो । आज क्यान्सर निको भयो, सरुवा रोग होइन, उपचार गरे बाँचिन्छ भन्ने सन्देशले अनेकौँलाई राहत दिनुका साथै प्रेरणा प्रदान गर्दछ । मान्छेहरूको मनोवल बढेर जान्छ । आफ्नो बाँकी जीवनयापन राम्रोसित गर्न सकिन्छ । आफूले भोगेका समस्या अरुले न भोगोस् र अरुलाई समाजमा सक्रिय रहन प्रोत्साहित गर्नुपर्छ । नेपालमा पनि क्यान्सर पुनःस्थापना केन्द्रहरू खोल्न जरुरी छ । हुन त क्यान्सरजस्तो जटिल रोग लागेपछि यसको उपचार प्रक्रियाले विभिन्न समाजिक, आर्थिक, घर-व्यवहारका समस्याहरू आउँछन् । ती समस्या समाधान गर्ने उपाय पनि सिकाउँछ । यो रोगसँग लड्न व्यक्ति, परिवार, समाज तथा राज्यको दायित्व महत्त्वपूर्ण हुन्छ । यो रोग निको भइसकेपछि पनि त्यो मान्छेको समाजमा पुनःस्थापित हुन जरुरी हुन्छ । उदाहरणका लागि, कुनै ठाउँमा कार्य गरिरहेको कर्मचारी रोगले गर्दा कार्य गर्न सकेन भने उसमाथि आश्रित बच्चा तथा परिवारको पालनपोषणको व्यवस्था गरिनु पर्दछ । ऊ निको भइसकेपछि गर्न सक्ने काममा लाउनुपर्छ । अहिले नेपाल सरकारले क्यान्सरलगायत केही दीर्घरोगीहरूका लागि मासिकरूपमा जीवन निर्वाह भत्ता दिनु यसैको उदाहरण हो ।

*(लेखक नेपाल क्यान्सर एजुकेशन फाउण्डेशनका संस्थापक अध्यक्ष हुनुहुन्छ)*

# राष्ट्रिय आय बढाउन पहल गरिनेछ : प्रधानमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आदिवासी जनजातिको ज्ञान र सीपलाई संरक्षण एवं प्रवर्द्धन गरी राष्ट्रिय आय वृद्धि गर्न पहल गरिने बताएका छन् ।

आदिवासी जनजाति आयोगको तेस्रो स्थापना दिवसका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा प्रधानमन्त्रीले आदिवासी जनजातिको साँस्कृतिक सम्पदालाई 'युनेस्को'मा अभिलेखन एवं आदिवासी जनजातिको अन्तर्राष्ट्रिय श्रमसम्बन्धी महासन्धि कार्यान्वयन गर्नका लागि सरकारले यथासम्भव पहल लिने स्पष्ट पारे ।

आदिवासी जनजाति आयोगमा साधनस्रोतको कमी रहेको, ऐनमा व्यवस्था भएबमोजिम प्रादेशिक कार्यालय स्थापनामा ढिलाइ भएको भन्ने विषयमा आफू जानकार रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जनसंख्याको अनुपातमा नीति निर्माणको तहमा आदिवासी जनजातिहरूको प्रतिनिधित्व हुन नसकेका विषयमा नेपाल सरकारको तर्फबाट आवश्यक पहल हुनेमा विश्वास व्यक्त गरेको उनको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्रीले आदिवासी जनजाति समुदायमाथि तत्कालिन राज्यसत्ताले गरेको विभेद र उत्पीडनविरूद्ध आदिवासी जनजाति समुदायले आफ्नो पहिचान र प्रतिनिधित्वका लागि गरेको सङ्घर्ष र बलिदानको परिणाम आदिवासी जनजाति आयोगको व्यवस्था भएको उल्लेख गरे ।



प्राप्त उपलब्धि सामान्य मेहनत र सङ्घर्षबाट प्राप्त नभएको उल्लेख गर्दै प्रधानमन्त्रीले सामन्ती तथा एकात्मक सत्ताले विभिन्न वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायमाथि गरेको दमन र उत्पीडनका विरूद्ध हजारौँ योद्धाको रगत पसिना र लाखौँ जनसमुदायको सङ्घर्षबाट आजका उपलब्धिहरु प्राप्त भएको स्मरण गरे ।

आदिवासीजनजातिआयोगकोभूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले आदिवासी जनजाति समुदायको सङ्घर्ष र विद्रोह, पहिचान र प्रतिनिधित्वका साथै उनीहरूको ज्ञान र सीपको संरक्षण र प्रवर्द्धन गर्दै आन्तरिक राष्ट्रियतालाई सुदृढ गरी स्वतन्त्र, स्वाधीन र समुन्नत राष्ट्र निर्माणको सङ्कल्पसहित आयोग स्थापना भएको बताए ।

आयोगका अध्यक्ष रामबहादुर थापामगरले आदिवासी जनजाति समुदायको उत्थान तथा प्रवर्द्धनका लागि आयोगले सरकारसँग समन्वयकारी भूमिका निर्बाह गर्दै आएको बताए । उनले सो समुदायको सांस्कृतिक, भाषिक, धार्मिक, राजनीतिक, शैक्षिक विकास तथा उनीहरुको परम्परागत ज्ञान र सीप विकासका लागि विशेष नीति तथा कार्यक्रम तर्जुमा आवजश्यक रहेको आवश्यकता औँल्याए ।

अहिले पनि निजामति सेवामा प्रभावकारी प्रतिनिधित्व हुन नसकेको तथा आयोगले सरकारलाई गरेको सिफारिस प्रभावकारी कार्यान्वयन नभएको भन्दै अध्यक्ष थापामगरले समावेशी सिद्धान्तको पूर्णरुपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

सो अवसरमा आयोगले प्रकाशन गरेको अदिवासी जनजाति अध्ययन (विज्ञसमीक्षित वार्षिक शोधपत्रिका) प्रधानमन्त्री दाहालले विमोचन गरेका थिए । सोही अवसरमा आयोगको स्थापनामा भूमिका खेल्ने आयोगका प्रथम सचिव तथा हाल अध्यागमन विभागका महानिर्देशक रुद्रसिंह तामाङ, आदिवासी जनजातिसम्बन्धी अध्ययनको विषय समावेश गरेको योगदानको कदर गर्दै काठमाडौँ विश्वविद्यालयलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो । त्यसैगरी आयोगका निमित्त सचिव कृष्णप्रसाद तिमिल्सिनालाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रममा उपसभामुख इन्दिरा राना, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती, सहरी विकासमन्त्री सीता गुरुङ, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री रन्जिता श्रेष्ठ, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता दवी, संवैधानिक आयोगका प्रमुखहरुलगायतको उपस्थिति थियो ।

विस २०७७ साल माघ २१ गते आयोग स्थापना भएको दिनलाई आयोगले हरेक वर्ष स्थापना दिवस मनाउदै आएको छ । नेपालको संविधानको धारा १६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था गरिए बमोजि आयोग गठन भई आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुसार आयोगले आदिवासी जनजातिको अधिकार संरक्षण, संवर्धन र प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम गरिरहेको आयोगले जनाएको छ ।

# उपनिर्वाचनका सम्बन्धमा निर्वाचन आयोगको छलफल



**टुडे समाचारदाता**

काठमाण्डु । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले रिक्त रहेका विभिन्न २५ पदमा हुने उपनिर्वाचनका सम्बन्धमा आज उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्कासँग छलफल गरेका छन् ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले आइतबार सिंहदरबारस्थित रक्षामन्त्रालयमा उपप्रधानमन्त्री खड्कासँग हालै सम्पन्न राष्ट्रियसभा निर्वाचन र अब गर्नुपर्ने उपनिर्वाचनका विषयमा छलफल गरेका हुन् । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य र रक्त स्थानिय तहको उपनिर्वाचनका लागि आयोगले सरकारसँग परामर्श गर्ने संवैधानिक व्यवस्था छ । आयोगले यसअघि आगामी वैशाखभित्र उपनिर्वाचन गर्न सक्ने भन्दै सरकारलाई सुझाव दिइसकेको छ ।

विभिन्न कारणले रिक्त रहेका ती पदमा आयोगले उपनिर्वाचन गराउन लागेको हो । निर्वाचन आयोगका अनुसार हाल प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा एक/एक पद रिक्त छन् । इलाम निर्वाचन क्षेत्र-२ बाट निर्वाचित नेकपा (एमाले)का सांसद सुवासचन्द्र नेम्वाङको गत भदौ २६ गते निधन भएको थियो भने सुदूरपश्चिम प्रदेश बझाङ निर्वाचन क्षेत्र नं १ प्रदेश १ बाट निर्वाचित नेपाली कांग्रेसका प्रदेशसभा सदस्य पृथ्वीबहादुर सिंहको सवारी दुर्घटनामा परी निधन भएपछि ती स्थानमा उपनिर्वाचन हुने भएको हो ।

आयोगका अनुसार हाल प्रतिनिधिसभा सदस्यमा एक, प्रदेशसभा सदस्यमा एक, जिल्ला समन्वय समिति प्रमुखमा दुई, नगर उपप्रमुखमा एक, गाउँपालिका अध्यक्षमा एक, गाउँपालिका उपाध्यक्षमा दुई र विभिन्न पालिकाका १७ वडा अध्यक्ष २५ रिक्त पद छन् । ती पदमा उपनिर्वाचनका लागि आयोगले उपप्रधानमन्त्री खड्कासँग आवश्यक छलफल गरेको उपप्रधानमन्त्री खड्काको सचिवालयले जनाएको छ ।

# दलहरूबीच सहमति र समझदारी जुटाउनु पर्दछ :सांसद राई

काठमाण्डु । सरकारले संसद्लाई क्रियाशील बनाउनेगरी संसद्मा विभिन्न विधेयक, प्रस्तावहरू छलफलका लागि ल्याएको खण्डमा मात्र संसद् पनि प्रभावकारी र सक्रिय हुन्छ । गत अधिवेशनमा सरकारले संसद्लाई पर्याप्त 'बिजनेस' दिन सकेन । बजेटबाहेकका विधायिकी 'एजेण्डा' संसद्लाई दिइएन । प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)का तर्फबाट कतिपय विषयमा संसद् अवरुद्ध गर्नुपर्ने बाध्यतासमेत देखापर्यो । मुलतः एक सय किलो सुन प्रकरणको विषयमा निष्पक्ष छानबिन गर्न आयोगको प्रस्ताव गरिएकामा सरकारले सुरुमा अस्वीकार गरेपछि बाध्यतावश सदन अवरुद्ध गर्नुपरेको थियो । यस घटनालाई लिएर प्रतिपक्षले संसद् चल्न दिएन भन्ने आरोप लगाइयो । पछि एउटा समझदारी कायम गरी संसद् सुरु गरियो, तर सरकारले अरु बिजनेस दिन सकेन ।

संसद् सञ्चालनलाई गरिमामय बनाउन गम्भीरतापूर्वक ध्यान दिइएन । गत अधिवेशन मिटरब्याजपीडितलाई राहत दिनेगरील्याइएकोविधेयकपारितभयो।पीडित जनताको पक्षमा आएको त्यस विधेयकलाई संसद्ले पारित गरेको थियो । प्रमुख प्रतिपक्षको भूमिका सशक्त भएता पनि संसदीय अभ्यासमा कमजोरी र फितलो अनुभव रह्यो । आगामी अधिवेशनमा पनि एमालेबाट जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह हुनेछ ।

मुलुक र जनताको हितका लागि जिम्मेवार प्रतिपक्ष हुनुका नाताले राष्ट्रको स्वाभिमानलाई झुक्न नदिने र कानुन निर्माणमा एमालेले भूमिका खेल्नेछ । सभामुखको अग्रसरतामा आगामी संसद्ले कार्यतालिका बनाएर काम गर्ने भन्ने सुनिएको छ । सत्य निरुपण, सङ्घीय निजामती, प्रदेश प्रहरी र सम्पत्ति शुद्धीकरणसमेत संविधान, शान्ति सम्झौता र सङ्घीयता कार्यान्वयनसँग जोडिएका थुप्रै महत्त्वपूर्ण विधेयक पारित गर्नुपर्ने कार्यभार छ । यस्ता अन्तर्राष्ट्रिय सरोकार र मानवअधिकारसँग गाँसिएका विषयमा दलहरूबीच सहमति र समझदारी कायम गर्नुपर्छ, बहुमतका आधारमा टुङ्ग्याउने अवस्था आउन दिनुहुन्न ।

**संसद्मा कोरम नपुग्नु लज्जास्पद**

जनप्रतिनिधिका हैसियतले गाउँटोल, निर्वाचन क्षेत्र र जिल्लाका विकास निर्माणमा सांसदले दृष्टि पुर्याउनुपर्छ भन्ने आमजनताको मत छ । यो भावनालाई सम्बोधन गर्न विकासका साथै सामाजिककार्यमा पनि जनप्रतिनिधि संलग्न हुनुपर्ने बाध्यता छ । पार्टीको विभिन्न जिम्मेवारीमा खटिनुपरेका कारण सदन र विषयगत समितिका बैठकमा कहिलेकाहीँ संसद्मा उपस्थिति कमजोर देखिएको हुनसक्छ । तथापि विधायकको जिम्मेवारी भएकाले विधायिकी कार्य र राष्ट्रिय मुद्दामा हुने बहसमा सांसद केन्द्रित हुनुपर्छ । कतिपय बैठकमा २५ प्रतिशत सांसद पनि उपस्थित नभएका कारण कोरम नपुगेर बैठक स्थगित हुनु भनेको लज्जास्पद घटनाजस्तो लाग्छ । त्यसमा पनि बैठक सञ्चालन गर्ने मुख्य जिम्मेवारी सत्तापक्षकै हुन्छ, प्रतिपक्षले त कमीकमजोरी औँल्याउने र सतर्क गराउने हो । संसद्लाई व्यवस्थित र सघनरूपमा अघि लैजाने सन्दर्भमा सत्तापक्षबाटै बेवास्ता भएको देखिन्छ । सत्ता‌ याको कारण बैठक स्थगित हुनु लज्जाको विषय हो, यसबारे पटक-पटक सत्तापक्षको ध्यानाकर्षण गरिएको छ ।



"राष्ट्रियहितप्रति राजनीतिक नेतृत्व इमान्दार र समर्पित भएर लाग्नुपर्छ । यहाँ भएका अथाह प्राकृतिक स्रोतलाई नेपाल र नेपालीको हितमा प्रयोग गर्न सक्नुपर्छ । राष्ट्रिय हित र विकासप्रतिको चिन्तन तथा चुनावी घोषणाप्रति इमान्दार भएर लाग्न सम्पूर्ण राजनीतिक दलका नेतालाई आह्वान गर्दै नेपाली समाजलाई विदेश पलायन हुने चिन्तन फेर्न आग्रह गर्छु ।

**भोजपुरको प्राथमिकता**

पूर्वी पहाडी जिल्ला भोजपुरलाई तराई र राष्ट्रिय सडक सञ्जालमा जोड्न सुनकोशी र दूधकोशी नदीमा ठूला पक्की पुलको आवश्यकता छ । दक्षिण र सदरमुकाम तथा दिङ्ला र सदरमुकाम जोड्ने पुल विकासका प्राथमिक आवश्यकता हुन् । मध्यपहाडी राजमार्गले भोजपुरलाई सडक सञ्जालको माध्यमबाट राजधानीलाई जोडेको छ । तराईसँग जोड्न सुनकोशीको पुल निर्माणलाई छिटो पूरा गर्नुपर्ने छ । जिल्लामा अन्य विषयहरूजस्तै शिक्षा, स्वास्थ्य, खानेपानी पनि विकासका प्राथमिकता हुन् । पहाडी जिल्ला भएकाले सडक दुर्घटनाको जोखिम रहेकाले प्रभावकारी उपचारसहितको व्यवस्था गर्न ट्रमा अस्पतालको माग गर्दै आएका छौँ । सुन्तला उत्पादनका हिसाबले भोजपुर मुलुकै स्थापित जिल्ला हो, त्यसको विकास र विस्तारमा पनि उत्तिकै ध्यान पुर्याउनुपरेको छ भने पछिल्लो समय कफी, चिया र अलैँचीको पनि धेरै सम्भावना देखिएको छ । सरकारले पकेट क्षेत्र घोषणा गरी सहुलियत ऋण सहयोग उपलब्ध गराएमा जनताको जीवनस्तर उकास्न योगदान पुग्नेछ ।

**भ्रष्टाचार न्यूनीकरण**

दलका नेता र नेतृत्व इमान्दार नहुँदाको परिणाम भ्रष्टाचार मैलाउन पुग्यो । कानुन परिपालना र व्यवहारमा इमान्दारिता देखिएन । इमान्दारिता प्रदर्शन नगरेको नेतृत्वलाई तह लगाउनेगरी कारबाही हुन सकेन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकायलाई स्वतन्त्र र अधिकारसम्पन्न बनाउन कानुन निर्माणमा राज्यको सक्रियता देखिन्न । त्यहाँ हुने नियुक्तिमा स्वतन्त्र र सही व्यक्तिको चयन गर्ने संयन्त्र बनाउन सकिएन । अनुगमन र मूल्याङ्कनको बाटोलाई बलियो तुल्याउन नयाँ प्रभावकारी कानुन तर्जुमा गर्नुपर्छ । आवश्यक कानुनी व्यवस्थाको अभाव र नेतृत्वपङ्क्तिमा इमान्दारिता कायम हुन नसक्दा भ्रष्टाचार बढ्ने र सुशासन कमजोर हुने परिस्थिति सिर्जना हुन पुग्यो ।

निर्वाचन प्रणाली पनि अत्यन्त खर्चिलो भएको छ । यसलाई नियन्त्रण गर्ने भन्ने विषय राजनीतिक नेतृत्वसँग गाँसिन्छ । एउटा उम्मेदवारले अन्धाधुन्ध खर्च गरेपछि अर्को उम्मेदवार पनि त्यसतर्फ जानुपर्ने बाध्यकारी स्थिति छ । पैसाका आधारमा नभई नीति, विचार र कार्यक्रममार्फत मत प्राप्त गर्नेतर्फ उम्मेदवार र नेतृत्व उन्मुख हुनुपर्छ । पैसाको लोभलालच दिएर मत तान्ने देखिएको प्रवृत्ति परिवर्तन र अन्त्य हुन आवश्यक छ । पैसा खर्च गरेर होइन, उम्मेदवारले नीति, विचार र कार्यक्रम व्याख्यामार्फत मत माग्ने सोच सबैले अघि बढाउनुपर्छ । निर्वाचनमा करोडौँ खर्च भएको छ, आगामी निर्वाचनमा फेरि उठ्न गर्नुपर्ने त्यसखाले तयारीले पनि भ्रष्टाचारलाई टेवा पुर्याएको छ । यो दुर्भाग्यपूर्ण कुरा हो । मुलुकमा प्रजातन्त्र बहालीपछि यतिका अवधिसम्म उद्योगधन्दाको विकास गर्न र युवापुस्तालाई रोजगारी दिन नसक्नु राज्यको कमजोरी हो । सूचना तथा सञ्चार क्षेत्रमा भएको तीव्र विकासले संसार एउटा गाउँमा परिणत भई आफ्नो योग्यता, क्षमता र रुचिका आधारमा विदेश जाने तथा दैनिक रोजीरोटीको जोहो गर्न बाध्यताले विदेश पलायन हुने दुईखाले अवस्था छ । विदेश गइयो भने आर्थिक उपार्जन हुनसक्छ र देश-विदेश घुम्न पाइन्छ भन्ने बुझाई र गर्व गर्ने संस्कृतिले मलजल गरेको छ, यो गलत छ । हाम्रा पाखुरी र पसिना आफ्नै देशमा लगाउनुपर्छ भन्ने राष्ट्रियताको सञ्चार र देशभक्ति प्रत्येक नेपालीमा हुनुपर्छ, त्यो खाले सांस्कृतिक अभियान चलाउनुपर्छ ।

बाध्यताले विदेश पलायन हुने अवस्थालाई अन्त्य गर्न औद्योगिकीकरणको गतिलाई तीव्र तुल्याउनुपर्छ । राष्ट्रियहितप्रति राजनीतिक नेतृत्व इमान्दार र समर्पित भएर लाग्नुपर्छ । यहाँ भएका अथाह प्राकृतिक स्रोतलाई नेपाल र नेपालीको हितमा प्रयोग गर्न सक्नुपर्छ । राष्ट्रिय हित र विकासप्रतिको चिन्तन तथा चुनावी घोषणाप्रति इमान्दार भएर लाग्न सम्पूर्ण राजनीतिक दलका नेतालाई आह्वान गर्दै नेपाली समाजलाई विदेश पलायन हुने चिन्तन फेर्न आग्रह गर्छु ।

**सांसद राईको परिचय**

भोजपुर टेम्केमैयुमका बासिन्दा सांसद राई विसं २०३० देखि विद्यार्थी आन्दोलनमा सक्रिय भई राजनीतिमा प्रवेश गर्नुभएको हो । विसं २०३४ मा को-अर्डिनेशन केन्द्रमा संलग्न एमालेका नेता राई विसं ३०३५/३६ को विद्यार्थी आन्दोलनमा विराटनगर र विस २०४६ को जनआन्दोलनमा भोजपुरमा रही सक्रिय हुनुभयो । उहाँ विसं २०४८ र २०५१ मा नेकपा (एमाले)का तर्फबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित पार्टी केन्द्रीय सदस्य हुनुहुन्छ । हाल समानुपातिक निर्वाचन प्रणाली आदिवासी जनजाति समूहबाट निर्वाचित उहाँसँग करिब ११ वर्षको शिक्षण पेसा र विसं २०५५ मा उद्योगमन्त्री भई जिम्मेवारी सम्हाल्नुभएको अनुभव छ । रासस

# कांग्रेसको उपसमिति गठन

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आगामी फागुन ७ गतेदेखि प्रारम्भ हुने पार्टीको महासमिति बैठकको तयारीका लागि आइतबार विभिन्न उपसमितिको संयोजक चयन गरी जिम्मेवारी सुम्पीएका छन् ।



महासमितिको बैठक तयारी मूल समितिका संयोजक समेत रहेका उनले प्रचार प्रसार उपसमितिको संयोजकमा मीनबहादुर विश्वकर्मा, आवास समन्वय उपसमितिको संयोजकमा मदनबहादुर अमात्य, भोजन व्यवस्थापन उपसमितिको संयोजकमा उदयशम्शेर राणा, यातायात व्यवस्थापन उपसमितिको संयोजकमा धना खतिवडालाई चयन गरेका छन् ।

यसैगरी स्वयंसेवक परिचालन उपसमितिको संयोजकमा जीतजङ्ग बस्नेत, स्वास्थ्य समन्वय उपसमितिको संयोजकमा उर्मिला नेपाल केसी, प्रदेश समन्वय उपसमितिको संयोजकमा ईन्द्रबहादुर बानियाँ र स्थानीय व्यवस्थापन उपसमितिको संयोजकमा जितेन्द्र श्रेष्ठ (जिल्ला सभापति, ललितपुर) लाई जिम्मेजारी प्रदान गर्नुभएको पार्टी कार्यालयले जनाएको छ ।

महासमिति बैठक व्यवस्थित एवं प्रभावकारी बनाउन उपसमिति संयोजकको जिम्मेवारी तोकिएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

# प्रधानमन्त्रीको प्रतिबद्धतासँगै सुधारको अपेक्षा

**टुडे समाचारदाता**

उदयपुर । देशकै सबैभन्दा ठूलो पूर्ण सरकारी स्वामित्वमा रहेको उदयपुर सिमेन्ट उद्योगको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शनिबार अवलोकन गरेको उद्योग प्रशासनले जनाएको छ ।

दिनानुदिन सिमेन्ट उत्पादन घट्दै गएको र उद्योगका अधिकांश संयन्त्र जीर्ण बन्दै गएको अवस्थामा प्रधानमन्त्रीले अनुमगन गरेपछि उद्योग सुधार हुने अपेक्षा यहाँका नागरिकले गरेका छन् । उदयपुरको जलजलेमा स्थापना भई सञ्चालन हुँदै आएको उक्त उद्योग जीर्ण भएर बन्द हुन लागेको अवस्थामा प्रधानमन्त्रीले अवलोकन गरेपछि उद्योग पहिलाको क्षमताशील अवस्थामा फर्कने अपेक्षा स्थानीयले गरेका हुन् ।

उद्योगको अनुगमनपछि प्रधानमन्त्री दाहालले देशकै ठूलो सिमेन्ट उद्योगको संरक्षण तथा यसको सुधारका लागि सरकारले योजना बनाइरहेको भन्दै चाँडै योजना जारी गरेर नयाँ कार्यविधिबाट सञ्चालन गरिने बताएको उद्योगका महाप्रबन्धक खगेन्द्र बस्नेतले राससलाई जानकारी दिए । उद्योगलाई सञ्चालन गर्न नयाँ योजना बनाइरहेको भन्दै यसलाई थप सबल बनाएर लान सरकार प्रतिबद्धता रहेको प्रधानमन्त्री दाहालले जनाको उनले बताए ।

प्रधानमन्त्रीको भनाइलाई उद्धृत गर्दै महाप्रबन्धक बस्नेतले भने, "शनिबार प्रधानमन्त्रीले अनुगमनपछि उद्योग सुधारका लागि प्रतिबद्धता जनाएका छन् । अब उद्योग सुधारका लागि सरकारको नीति कार्यान्वयन गर्दै पहिलाको अवस्थामा नै फर्काउने प्रयत्न गर्नेछौँ । यसमा उद्योग प्रशासन पनि कटिबद्ध छ ।"

प्रधानमन्त्री दाहालले उदयपुर सिमेन्ट उद्योगको संरक्षण गरी थप रोजगारीका अवसर सृजना गर्नुपर्ने भन्दै यसको सुधारका लागि सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताएका थिए ।

उद्योगसुधारप्रतिप्रधानमन्त्रीको सकारात्मक धारणाप्रति नेकपा एमाले प्रदेश सदस्य राजकुमार राईले भने, "दिनानुदिन जीर्ण बन्दै गइरहेको उद्योगलाई सुधार गर्न प्रधानमन्त्रीको प्रतिबद्धता आएकाले अब पहिलाको अवस्थामा आउनसक्ने सम्भावना बढेर गएको छ । यहाँका जनतामा आश जागेको छ ।"

त्रियुगा नगरपालिकाका प्रमुख वसन्तकुमार बस्नेत तथा कांग्रेस उदयपुर पार्टी सभापति हिमाल कार्कीले भने, "प्रधानमन्त्रीले उद्योग सुधारमा प्रतिबद्धता जनाउनुका साथै नयाँ योजनाअनुसार अघि बढ्ने बताएका थिए ।"जिल्लास्थित नेकपा एमालेका अध्यक्ष परमेश्वर घिमिरे, माओवादी केन्द्रका सचिव किरण राई, स्वतन्त्र बुद्धिजीवी तथा त्रियुगा जनता बहुमुखी क्याम्पस गाईघाटका पूर्वक्याम्पस प्रमुख रमेश रोकालगायतले प्रधानमन्त्री दाहालले दिएको प्रतिबद्धतापछि स्थानीयमा उद्योगले पुनःजीवन पाउने आश जगाएको बताए ।

विसं २०४४ मा जापान सरकारको सहयोगमा स्थापना भएको देशको सबैभन्दा ठूलो उदयपुर सिमेन्ट उद्योगले विसं २०४७ देखि नियमित उत्पादन गर्न सुरु गरेको थियो । विसं २०५० देखि २०६७ सम्म उद्योगले दैनिक आठसय मेट्रिक टन अर्थात् १६ हजार बोरा गैँडाछाप सिमेन्ट उत्पादन गर्दै आएको थियो ।

विसं २०६७ देखि २०७४ सम्म उत्पादन क्षमता वृद्धि गरेर नौ सय मेट्रिक टन अर्थात् अठार हजार बोरा सिमेन्ट उत्पादन गर्दै आए पनि हिजोआज उद्योग जीर्ण हुँदै गएपछि महिनामा एक हप्ता राम्ररी सञ्चानन हुन सकिरहेको छैन ।

झन्डै पाँच सय श्रमिक र कर्मचारीले रोजगारी पाइरहेको उद्योगले दैनिक २० लाखदेखि २५ लाखको सिमेन्ट उत्पादन गरेर आम्दानी गर्दै आएको प्रशासन बताउँछ ।

ए क वर्षयतादेखि उद्योग सञ्चालनमा समस्या भइरहेको, अधिकांश मेसिनरी सामान जीर्ण अवस्थामा रहेका, व्यवस्थापनलगायत काममा समस्या आइरहेको उद्योगका कर्मचारी तथा मजदुर बताउँछन् ।

# मलेसियाली काराबास केन्द्रबाट भागेका ४१ रोहिङ्ग्या शरणार्थी पक्राउ



एएफपी

क्वालालम्पुर । म्यानमारबाट आएका १३१ आप्रवासीले हिरासत केन्द्रमा तोडफोड गरी फरार रहेका ४० भन्दा बढी रोहिंग्या शरणार्थीलाई मलेसियाली प्रहरीले पुनः पक्राउ गरेको छ ।

उत्तरी पेराक राज्यको बिदोर अस्थायी अध्यागमन केन्द्रबाट भाग्नुअघि बिहीबार ११५ रोहिंग्या आप्रवासी र अन्य १६ जनाले आफ्नो हिरासत भवनमा दङ्गा मच्चाएका थिए ।रोहिङ्ग्याहरू आफ्नो बौद्ध बहुल मातृभूमि म्यान्मामा उत्पीडनको शिकार भई भागेर सम्पन्न, मुस्लिम बहुल बङ्गलादेश, मलेसिया, इन्डोनेसिया र अन्य मुलुकहरूमा पुगी शरणार्थी शिविरहरूमा बस्दै आएका छन् ।

थाइल्याण्डसँगको खुला सिमाना भएर डुङ्गाचढेर मलेसिया छिर्न वा लुकिछिपी मलेसिया प्रवेश गर्न उनीहरूले महिनौं लामो समुद्री यात्रा गर्नेगरेका छन् । यसरी अवैधरूपमा विभिन्न मुलुक पुग्ने उनीहरूलाई पक्राउ गरी शिविर तथा हिरासत केन्द्रमा पठाइन्छ जहाँ सामान्यतया भीडभाड र फोहोर भएको अधिकारवादी समूहहरूले बताएका छन् ।

यसैबीच, अँध्यारोमा राजमार्ग पार गर्ने क्रममा बिहीबार भएको सडक दुर्घटनामा एक रोहिङ्ग्या शरणार्थीको मृत्यु भएको पुष्टि भएको छ ।सार्वजनिक सूचनाका आधारमा ४१ जना रोहिङ्ग्यालाई पाम आयल इस्टेट र नजिकैको तापाह र बिदोर शहर वरपरको जङ्गलमा पुनः पक्राउ गरिएको पेराकका प्रहरी प्रमुख मोहम्मद युसरी हसन बसरीले एएफपीलाई बताउनुभयो ।

"हामीलाई विश्वास छ धेरै जना जङ्गलमा लुकेर बसेका छन्", उहाँले भन्नुभयो, "पक्राउ परेका सबै जना भोकाएका र थाकेका पाइएका छन् ।"

युसरीका अनुसार पराउ अन्य १३६ जना रोहिङ्ग्यालाई प्रहरी र अध्यागमन अधिकारीहरूले जङ्गल, नदी र गाउँहरूमा खोजी गरिरहेका छन् ।दुई वर्षमा यस्तो ब्रेकआउट भएको यो दोस्रो पटक हो ।सन् २०२२ मा उत्तरी पेनाङ राज्यमा ५२८ रोहिङ्ग्या शरणार्थी हिरासतबाट भागेका थिए ।राजमार्ग पार गर्ने क्रममा ६ जनाको मृत्यु भएको थियो भने सयौंलाई पुनः पक्राउ गरिएको थियो ।

हालैका महिनाहरूमा म्यान्माबाट भाग्ने जातीय रोहिङ्ग्याहरूको स¬ख्यामा वृद्धि भएको छ । मध्य नोभेम्बरदेखि जनवरीको अन्त्यसम्ममा म्यान्माबाट भागेका एकहजार७५२रोहिङ्ग्याशरणार्थीहरू इन्डोनेसिया पुगेकासंयुक्त राष्ट्रसङ्घको रेकर्डले देखाएको छ । यसमध्ये अधिकांश महिला र बच्चाहरू छन् । संयुक्त राष्ट्रसङ्घ शरणार्थीमामिला हेर्ने निकाय (यूएनएचसीआर) का अनुसार सन् २०१५ यता मुस्लिम बहुल रहेको यो मुलुकमा पुग्ने सबैभन्दा ठूलो आप्रवासी संख्या हो ।

सन् २०२२ मा तीन हजार ५०० भन्दा बढी रोहिङ्ग्याले दक्षिणपूर्वी एसियाली मुलुकहरूमा जोखिमपूर्ण यात्रा गर्नेगरेको अनुमान गरिएको छ ।यूएनएचसीआरका अनुसार सन् २०२२ को सुरुदेखि अहिलेसम्म करिब एक हजार रोहिंग्याको मृत्यु भएको छ वा उनीहरू बेपत्ता भएका छन् । एक लाखभन्दा बढी रोहिङ्ग्या मलेसियामा रहेका र धेरैले गैरकानुनी रूपमा निर्माण र अन्य कम तलबको रोजगारीमा काम गरिरहेका छन् ।

# खेलकुदले समुदायलाई जोड्दै



टुडे समाचारदाता

डुम्रे । दरै समाज तनहुँको आयोजनामा तनहुँको व्यास नगरपालिका–३ विपी वनबाटिका खेल मैदानमा यही माघ १५ गतेदेखि प्रथम 'राष्ट्रिय दरै कप–२०८०' सेभेन ए साइड फुटबल प्रतियोगिता सञ्चालन भइरहेको छ । प्रतियोगिताको शनिबार फाइनल खेल भएको छ ।

प्रतियोगिता सुरु भएसँगै व्यास–१० दुम्सीका मानबहादुर दरै फुटबल हेर्नका लागि दैनिकरुपमा दमौली आउछन् । उनले भने, "काम विशेषले मात्रै दमौली आउने गरिन्थ्यो । अहिले लगातार आइरहेको छु । खेलकुदले समुदायलाई एकत्रित बनाएको छ । समुदायका खेलाडी यति धेरै रहेछन् । हामीलाई भने थाहै थिएन् । यी खेलाडीलाई राष्ट्रियस्तरसम्म पुऱ्याउन सक्नुपर्छ ।"

खेलकुदले समुदायका खेलाडी र युवालाई चिनाउन एउटा पुलको रुपमा काम गरिरहेको मानबहादुरले बताए । उनले भने, "समयसमयमा खेलकुद तथा विभिन्न कार्यक्रम हुनुपर्ने रहेछ । यसले एक अर्कामा परिचित गराउँछ । खेलकुद मात्रै नभई अन्य रचनात्मक कार्यक्रम गर्न आवश्यक देखिएको छ ।"

समुदायबीच एकता कायम गर्न खेलकुदले महत्वपूर्ण भूमिका खेलेको मानबहादुरको भनाइ थियो । समुदायका सबै ठाउँका मानिस अहिले यहीं आएको देखेर आफू पनि फुटबल हेर्न अरु काम छाडेर आइरहेको उनले बताए ।

व्यास–१ का विष्णुबहादुर दरै खेलकुद हेर्न दैनिकरुपमा खेल मैदान पुग्छन् । खेलकुदले समुदायका सबैलाई एक ठाउँमा बनाएको उनले बताए । उनले भने, "खेलकुद भएपछि त समुदाय नै एक ठाउँमा जम्मा भएका छौं । अरु काम त पछि पनि गर्न सकिन्छ । यो एक भए खेलेको समय फेरि आउँछ कि आउँदैन, त्यसैले दैनिक यहाँ आउने गरेको छु । आज जान्न भने पनि आवतजावत हुन्छ । अनि निस्किन्छु ।"

विष्णुबहादुरका अनुसार पहिलेदेखि नै फुटबल खेल्न दौडने युवा अहिले विदेशमा छन् । तिनलाई फर्काएर खेलसँगै यहीं केही गर्न प्रोत्साहन गराउन आवश्यक देखिएको उनको भनाइ थियो । "आमाबुवाले खेलमा जिन्दगी फाल्यो भनेको देखेका थियौं, यसले एक ठाउँ बनाएको देखेर खेलकुदमा छोराछोरी, युवालाई लाग्न सहयोग र अवसर दिनुपर्छ", उनले भने ।

व्यास–५ चिन्टुटारका तुलबहादुर दरै उहाँहरु जस्तै दैनिकरुपमा प्रतियोगिता हेर्न आउछन् । उनले भने, "युवालाई हौसला दिन पनि यहाँ उपस्थित हुनुपर्छ भनेर दिनदिनै आउँछु । अब समाजले खेलकुदमा लागेका युवालाई राष्ट्रियस्तरका खेलकुदमा सहभागी बनाउने बाटो खोजी गर्नुपर्छ । यही विषयमा नेतृत्वसँग समन्वय गर्ने योजना बनाएको छु ।" विशेषगरी खेलकुदसँगै अन्य सचेतनात्मक कार्यक्रम गरी समुदायलाई सशक्त बनाउनुपर्ने देखिएको तुलबहादुरले बताए ।

अल्पसंख्यक जाति दरै (दराई) लाई खेलकुदतर्फ प्रोत्साहन र अवसर सिर्जना गर्ने यो प्रतियोगिताले टेवा पुऱ्याएको समुदायका युवा तथा ज्येष्ठ नागरिकको बुझाइ छ ।

चितवनको भरतपुर महानगरपालिका–१५ स्थित दरै समाज मङ्गलपुरका समूह प्रमुख राजेश दराईले भने, "केही खेलाडीबीच परिचित भए पनि समुदायसँग चिनाउन पुलको भूमिका दरै समाज तनहुँले खेलेको छ । यहाँ खेलमा रुचि भएका खेलाडी रहेछन् । यसका लागि समाजले राम्रा खेलाडीलाई राष्ट्रियस्तर वा माथिल्लो तहसम्म पुऱ्याउने भूमिका खेल्नुपर्छ । प्रत्येक इकाइबाट उत्कृष्ट खेलाडी पहिचान गर्नुपर्छ ।"

समुदायलाई सङ्गठित बनाउन विभिन्न खालका रचनात्मक कार्यक्रम गरिरहनुपर्ने राजेशको सुझाव छ । तनहुँले यस वर्ष खेलकुद राख्यो भने अर्को वर्ष अर्को जिल्लामा खेलकुद वा अन्य कार्यक्रमको आयोजना हुनुपर्नेमा उनको जोड थियो । राजेशले भने, "दरै समुदायको मुलुकमा नै प्रवर्द्धन भएको छैन । समाजले खेलकुदसँगै जातिको पहिचानका लागि प्रचारप्रसार गर्नेगरी हाम्रा संस्कार, संस्कृतिको पनि प्रवर्द्धन गर्नुपर्छ ।"

दरै समाज नौरङ्गेका समूह प्रमुख सोमबहादुर दराईले भने, "प्रतिस्पर्धा मात्रै नभई सहभागिता महत्वपूर्ण छ । खेलकुदमा आउँदा दमौली घुम्न र लामो समयदेखि भेटघाट नभएका आफन्तसँग भेट्ने अवसर जुऱ्यो । अरु खेलहरु पनि छन् जस्तो कि भलिबल, टेबलटेनिस, क्रिकेट खेलाडी पनि छन् । ती खेलको प्रवर्द्धन र विकासका लागि अन्य खेलका कार्यक्रम पनि सञ्चालन गर्नुपर्छ ।"

खेलाडीलाई प्रोत्साहन गर्न समुदायमा सीमित नराखी एन्फाबाट सञ्चालन हुने सी डिभिजन, बि डिभिजन, ए डिभिजन लिगलगायत खेलमा यहाँका खेलाडीलाई अवसर दिनुपर्ने सोमबहादुरको भनाइ थियो । उत्कृष्ट खेलाडी छनोट गरी त्यस्ता प्रतिस्पर्धामा पुऱ्याउन समाजले भूमिका खेल्नुपर्ने उनले बताए ।

सोमबहादुरले भने, "हामी पिछडिएका जातिमा पर्छौं । शिक्षाका क्षेत्रमा पनि पछि परेका छौं । शिक्षा, खेलकुदलगायत क्षेत्रमा सचेत गराउने गरी सचेतनात्मक कार्यक्रम गर्नुपर्छ ।" यसतर्फ केन्द्रीय तथा जिल्ला र इकाइले योजना बनाएर अगाडि बढ्नुपर्ने उनले बताए । शैक्षिक सचेतना नै समुदायमा बढी आवश्यक रहेको सोमबहादुरको भनाइ थियो ।

धादिङका खेलाडी अमन दरैले जितभन्दा पनि समुदायमा सहभागिता जनाउनु महत्वपूर्ण भएको बताए । उनले भने, "यस खेलकुदमा सहभागिताले पहिचान जोडिएको छ । यसले हामीलाई गौरवान्वित बनाएको छ ।"

दरै समाज तनहुँका अध्यक्ष ठाकुरबहादुर दरैले खेलकुदका माध्यमबाट पिछडिएको दरै समुदायका खेलाडीलाई प्रोत्साहन गर्ने, मुलुकका विभिन्न जिल्लामा छरिएर रहेका दरै समुदायलाई एकता, सद्भाव र पारस्परिक मित्रभाव जगाउन भूमिका खेलेको बताए । उनले भने, "प्रतियोगिताले समुदाय तथा दरै जातिको पहिचानको प्रवर्द्धनमा टेवा पुगेको छ ।"

अध्यक्ष ठाकुरबहादुरका अनुसार दुर्व्यसनी लागुऔषध फस्नसक्ने युवालाई खेलकुदतर्फ आकर्षित गर्न यो प्रतियोगिताले सहयोग पुगेको छ । यस प्रतियोगितामार्फत राष्ट्रिय तथा अन्तर–राष्ट्रिय खेलाडी उत्पादन गर्ने उद्देश्यका साथ गरिएकाले माथिल्लो तहसम्म खेल्ने अवसर कायम गर्न यसले महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ थियो ।

संविधानसभा सदस्य एवं प्रधानमन्त्री पुष्पकमल दाहालका प्रमुख स्वकीय सचिव सन्तकुमार दराईले खेलकुद मात्र नभई हरेक क्षेत्रमा दरै समुदायका युवालाई सक्रिय बनाउने खालका कार्यक्रम गर्न योजना बनाउनुपर्नेमा जोड दिए । उनले भने, "पिछडिएका जाति भनेर पछि हट्नेभन्दा पनि हरेक क्षेत्रमा समुदायलाई सक्रिय बनाउने गरी समाजले महत्वपूर्ण भूमिका खेल्नुपर्छ । विशेषगरी समुदायलाई शैक्षिक क्षेत्रमा सक्रिय बनाउनुपर्छ ।" समाजले सचेतनात्मक कार्यक्रम गर्ने योजना बनाए सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउँदै उहाँले योजना बनाउन आग्रह गरे ।

नेपाल दरै उत्थान समाजका केन्द्रीय अध्यक्ष मङ्गलराम दराईले समुदायको पहिचानका लागि विभिन्न स्थानमा फैलिएर रहेका समुदायलाई एक हुने कार्यक्रमको ढाँचा बनाउने योजना तय भएको बताए ।

व्यास नगरपालिकाका उपप्रमुख इन्दिरा दरैले विभिन्न जिल्लामा छरिएर रहेका दरै समुदायलाई खेलकुदले एक बनाएको बताए । उनले भने, "छरिएका यस समुदायलाई शैक्षिक सचेतना, स्वदेशमै रहने वातावरण बनाउने योजना र काम गर्ने वातावरण तयार पार्न नेतृत्वले भूमिका खेल्नुपर्छ । हाम्रो साथ र सहयोग रहनेछ ।"

आइतबार सेमिफाइनल र फाइनल खेल भएको छ । सेमिफाइनलको पहिलो खेलमा तनहुँको व्यास–१० स्थित दरै समाज दुम्सी इकाइ 'ए' र चितवनको दरै समाज मङ्गलपुर इकाईबीच प्रतिस्पर्धा हुनेछ । त्यस्तै दोस्रो खेलमा तनहुँको व्यास–४ दरै समाज साँखर इकाइ र आयोजक दरै समाज तनहुँबीच प्रतिस्पर्धा हुने सचिव विजय दरैले जानकारी दिए । उनका अनुसार आजै फाइनल खेल हुनेछ ।

प्रथम पुरस्कार रु एक लाख एक हजार एक सय ११ र द्वितीय पुरस्कार रु ५१ हजार एक सय ११ नगद, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । त्यस्तै उत्कृष्ट खेलाडीलाई रु दुई हजार, उत्कृष्ट गोलरक्षकलाई रु एक हजार पाँच सय र सर्वाधिक गोलकर्तालाई रु एक हजार पाँच सय नगद, ट्रफी र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।

# आक्रमणमा मृत्यु हुनेको संख्या २८ पुग्यो

एएफपी

मस्को । युक्रेनको पूर्वी शहर लिसिचान्स्कस्थित एक बेकरीमा भएको आक्रमणमा परी मृत्यु हुनेको संख्या २८ पुगेको रुसी उद्धारकर्ताले आइतबार बताएका छन् । आक्रमणमा एक बालककोपनि मृत्यु भएको थियो ।



कब्जापछि उक्त क्षेत्रलाई हेर्दै आएको मस्कोको सेनाले शनिबार भनेको छ, "रुसले युक्रेनविरुद्ध आक्रमण गरेको लगभग दुई वर्षपछि पुनै लाग्दा गत साताको अन्त्यमा युक्रेनले बेकरीलाई निशाना बनाएको थियो ।

पूर्वी युक्रेनको मोर्चा केही महिनायता मुस्किलले अघि बढेको छ तर युद्ध अझै रक्तपातपूर्ण छ र पछिल्ला हप्ताहरूमा दुवै पक्षबाट आक्रमण तीव्र भएको छ ।"बेकरीस्थलमा खोजी कार्य जारी छ । एक बच्चासहित २८ जनाको मृत्यु भएको पुष्टि भएको छ," रुसी आपतकालीन व्यवस्था मन्त्रालयले टेलिग्राममा भनेको छ ।उद्धारकर्ताले अहिलेसम्म १० जनालाई भग्नावशेषबाट बचाइसकेको मन्त्रालयले जनाएको छ । मन्त्रालयले यसअघि आपतकालीन कर्मचारीले अँध्यारोमा भग्नावशेष खोतल्दै गरेको भिडियो सार्वजनिक गरेको थियो । उक्त स्थानबाट उद्धारकर्ताहरूले एक मृतक र एक घाइते महिलालाई स्ट्रेचरमा राखेर बाहिर निकालिएको देखेका थिए ।मस्कोस्थित अधिकारीहरूले एक जना घाइतेको अवस्था गम्भीर रहेको र उनलाई लुगान्स्क शहरको एक अस्पतालमा लगिएको बताएका छन् ।

रुसको विदेश मन्त्रालयले आक्रमणमा पश्चिमा हतियारको प्रयोग भएको र अन्तर ष्ट्रिय सङ्गठनबाट यस घटनाको 'तत्काल निन्दा' हुने अपेक्षा गरिएको जनाएको छ ।मस्कोको आक्रमणअघि करिब एक लाख १० हजार जनसंख्या भएको लुगान्स्क क्षेत्रको एक शहर लिसिचान्स्क सन् २०२२ को ग्रीष्मऋतुमा भएको व्यापक युद्धपछि रुसी सेनाको कब्जामा परेको थियो ।

# बौद्धिक सम्पत्ति अधिकार अपराधहरूको अनुसन्धान

सिन्ह्वा

सन् २०२३ मा चिनियाँ प्रहरीले बौद्धिक सम्पत्ति अधिकार (आईपीआर) वा गुणस्तरहीन वस्तुको उत्पादन र बिक्री गर्ने जस्ता ४० हजार मुद्दाहरूको अनुसन्धान गरेको छ ।

प्रहरी अधिकारीहरूले राष्ट्रव्यापी रूपमा वैज्ञानिक र प्राविधिक आविष्कारहरूका साथै व्यापार गोप्य उल्लङ्घनहरू सम्बन्धी आईपीआर उल्लङ्घनहरू विरुद्ध कडा कारबाही गरेका छन् । गत वर्ष १५० भन्दा बढी प्रविधि सम्बन्धी मुद्दाहरूको अनुसन्धान गरेको पनि सार्वजनिक सुरक्षा मन्त्रालयले शनिबार जनाएको छ ।

साथै प्रतिलिपि अधिकार बजारको व्यवस्थालाई कायम राख्न पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक, चलचित्र र सफ्टवेयरको प्रतिलिपि अधिकारको आपराधिक उल्लङ्घनका १३ सयभन्दा बढी मुद्दामा राज्यले अनुसन्धान गरेको छ । पछिल्लो समय चीनमा यस किसिमका अनुसन्धानलाई तीव्रता दिइएको छ ।

# नामिबियाका राष्ट्रपति जी गिन्गोब निधन

सिन्ह्वा



विन्डहोक । नामिबियाका राष्ट्रपति जिन्गोबको निधन भएको छ । राष्ट्रपति हेज जी गिन्गोबको आइतवारबिहानराजधानीविन्डहेकस्थित अस्पतालमा उपचारका क्रममा निधन भएको राष्ट्रपति कार्यालयले घोषणा गरेको छ उहाँ क्यान्सर पीडित हुनुहुन्थ्यो ।

"अत्यन्तै दुःख र खेदका साथ यो जानकारी गराउँछु – प्यारा डा. हागे जी. गिन्गोब, नामिबिया गणतन्त्रका राष्ट्रपति, आइतबार बिहान ४ बजे लेडी पोहाम्बा अस्पतालमा निधन भएको छ" राष्ट्रपति कार्यालयले विज्ञप्ति जारी गर्दै जनाएको छ । विज्ञप्तिमा भनिएको छ, "नामिबियाले जनताको एक जना प्रतिष्ठित सेवक, मुक्ति सङ्घर्षका प्रतीक, हाम्रो संविधानको प्रमुख संरक्षक र सारा नामिबियाई जनताको घरको स्तम्भ गुमाएको छ"

शनिबार मात्रै उपराष्ट्रपति एम्बुम्बाले राजधानी शहर विन्डहोकको लेडी पोहम्बा अस्पतालमा क्यान्सरको केमोथेरापी उपचार गराएपछि गिन्गोब गम्भीर तर स्थिर अवस्थामा रहेको जनाकारी गराउनु भएको थियो । उहाँ ८२ वर्षका हुनुहुन्थ्यो ।

# टेन्सेन्टद्वारा १२० भन्दा बढी कर्मचारीलाई बर्खास्त

एएफपी

बेइजिङ । चिनियाँ विशाल प्रविधि कम्पनी टेनसेन्टले सन् २०२३ मा भ्रष्टाचार, अनियमितता तथा जालसाजीसम्बन्धी नियम उल्लङ्घन गरेको आरोपमा १२० भन्दा बढी कर्मचारीलाई बर्खास्त गरेको छ ।हङकङमा सूचिकृत कम्पनी विश्वको शीर्ष भिडियो गेम निर्माता र लोकप्रिय सुपर–एप विच्याटको लगानीकर्ता हो ।





टेन्सेन्टका संस्थापक पोनी माले सन् २०२२ मा आफ्नो कम्पनीमा भएको भ्रष्टाचारको स्तरलाई 'स्तब्ध पार्ने' घटनाका रूपमा उल्लेख गर्नुभएको छ । टेन्सेन्टका अनुसार गत वर्ष ७० भन्दा बढी आचारसंहिता उल्लङ्घनका घटना भएका थिए ।समूहले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "१२० जनाभन्दा बढीलाई कम्पनीबाट बर्खास्त गरिएको छ र करिब २० सचेत गराइएको छ ।

बर्खास्त गरिएका कर्मचारीमध्ये केही समूहको समाचार, खेल र फिल्मजस्ता सामग्रीप्रसारणका लागि जिम्मेवार परामर्श (पीसीजी) शाखाका थिए । अन्यले टेनसेन्टको चीनको ठूलो बजार हिस्सा टेलिमेडिसिन अनुप्रयोगहरूको समूहको चिकित्सा सेवा शाखामा काम गर्थे । टेन्सेन्टले सजाय पाएकामध्ये एक कर्मचारीलाई चार वर्षको जेल सजाय र एक लाख युआन अर्थात् १४ हजार अमेरिकी डलर बराबर जरिवाना गरिएको छ ।

चीनमा १८ वर्षमुनिका खेलाडीका लागि अनलाइन गेमिङ टाइममा लगाइएको प्रतिबन्धलेसमूहको नाफामा धक्का पुगेको समयकर्मचारीहरूलाई विभिन्न बहानामा निस्काशित गरिएको थियो । टेन्सेन्टले विशेष गरी युरोपमा थप अवसरहरूको खोजी गरिरहेको छ, जहाँ यसले प्रमुख गेमिंग स्टुडियोहरूमा वैध लगानीको अवसर प्राप्त गरेर आफ्नो स्थितिलाई बलियो बनाइरहेको छ ।

# अमेरिकी र बेलायती सेनाद्वारा यमनमा हुथी विद्रोही लक्षित हमला

सिन्ह्वा

वाशिङ्टन । अमेरिकी र बेलायती सेनाले शनिबार यमनको हुथी नियन्त्रित क्षेत्रहरूमा संयुक्त हमला शुरु गरेको छ । पेन्टागनले यस कदमले अन्तरराष्ट्रिय जहाजमा आक्रमण गर्ने हुथी लडाकू समूहको क्षमतालाई कमजोर पार्ने उद्देश्य राखेको जनाएको छ

अष्ट्रेलिया, बहराइन, क्यानडा, डेनमार्क, नेदरल्यान्ड्स र न्युजिल्याण्डको सहयोगमा सञ्चालित स्ट्राइकहरूले हुथीहरूको हतियार भण्डारण, मिसाइल प्रणाली र लन्चरहरू, वायु रक्षा प्रणाली र रडारहरू, अमेरिकी रक्षासँग सम्बन्धित १३ स्थानहरूलाई लक्षित गरेका थिए। अमिरिकी अधिकारी लोयड अस्टिनले सो कारबाहीले "कारबाहीले हुथीहरूलाई स्पष्ट सन्देश दिएको बताउनु भएको छ ।

आक्रमणका क्रममा अमेरिकी सेनाले युएसएस ड्वाइट डी. आइसेनहोवर विमानवाहक जहाजमा लडाकू विमानहरू तैनाथ गर्दै लाल सागरमा तैनाथ अमेरिकी युद्धपोतहरूबाट टोमाहक क्रूज मिसाइलहरू प्रहार गरेको अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै अमेरिकी सञ्चार माध्यमले जनाएका छन्। हालैका दिनहरूमा गरिएको यो तेस्रो आक्रमण थियो । अमेरिका र बेलायती गठबन्धनले हुथी लक्ष्यहरू विरुद्ध हमला शुरु गरेका छन् । यता इराक र सिरियामा शुक्रबार अमेरिकी प्रतिशोधात्मक हवाई हमलालाई क्षेत्रीय मिलिशिया समूहहरूले गरेको ड्रोन आक्रमणको जवाफमा तीन जना अमेरिकी सेना मारिएका थिए भने ४० भन्दा बढी घाइते भएका छन् । शुक्रबार पनि अमेरिकी सेनाले अडेनको खाडी र लाल सागरमाथुप्रै हुथी ड्रोनहरू खसालेको छ ।

# गाईभैँसीको बिमा र सुत्केरी स्याहार भत्ता

टुडे समाचारदाता

भरतपुर । चितवनको इच्छाकामना गाउँपालिकाले गाई तथा भैँसीका लागि बिमा र पशु सुत्केरी स्याहार भत्ता कार्यक्रम ल्याएको छ । किसानलाई पशुपालन व्यवसायमा आकर्षण गर्न र दूधको उत्पादन बढाउन उक्त कार्यक्रम ल्याइएको हो ।

आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार आन्तरिक स्रोतमार्फत गाई भैँसीको नश्ल सुधारका लागि पशु सुत्केरी स्याहार भत्ता र ५० प्रतिशत लागत साझेदारीमा बिमा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाको पशुपक्षी विकास शाखा प्रमुख डा सुनिल ज्ञवालीले जानकारी दिए ।

उनका अनुसार कृत्रिम गर्भाधानबाट सुत्केरी भएका गाई भैँसीका लागि गाउँपालिकाले रु एक हजार पाँच सय उपलब्ध गराउनेछ । पशुमा कृत्रिम गर्भाधान बढाउन पालिकाले पहिलो पटक पशु सुत्केरी भत्ता कार्यक्रम ल्याएको उनले जानकारी दिए ।

पालिकाले कृत्रिम गर्भाधान कार्यक्रम सातवटै वडामा लागू गरेको छ । छ महिनाको अवधिमा तीन सय ५० पशुलाई कृत्रिम गर्भाधान गराइएको तर यो संख्या न्यून रहेकाले बढाउनका लागि कार्यक्रम सञ्चालन गरिएको प्रमुख ज्ञवालीले बताए । नश्ल सुधारमार्फत दूधको उत्पादन बढाउनका लागि पालिकाले किसानलाई प्रोत्साहन गरिरहने उनको भनाइ थियो ।

सुत्केरी स्याहार भत्ताका लागि सम्बन्धित पशुधनीको नागरिकताको प्रतिलिपि, कृत्रिम गर्भाधान गरेको रेकर्ड देखिने कृत्रिम गर्भाधान कार्ड, सुत्केरी माउ तथा बाच्छाको स्पष्ट देखिने तस्बिर, पशुधनीको बैंक खाता नम्बरसहितको निवेदन किसानले गाउँपालिकामा पेस गर्नुपर्नेछ ।

विसं २०८० वैशाखदेखि फागुन ८ गतेसम्म सुत्केरी भएका पशुमा मात्र यो नियम लागू हुने पालिकाले जनाएको छ । यस्तै गाई, भैँसीको बिमा गर्दा जम्मा बिमाङ्कको ८० प्रतिशत सङ्घीय सरकार, १० प्रतिशत गाउँपालिका र १० प्रतिशत कृषक स्वयंले व्यहोर्न पर्नेछ । बिमा गर्दा व्यक्तिगत गोठालो दुर्घटना बिमा पनि गरिने प्रमुख ज्ञवालीले बताए । लम्पिस्कीन तथा खोरेत रोगविरुद्ध खोप लगाइसकेका गाई, भैँसी र व्यावसायिक फार्महरुलाई पहिलो प्राथमिकतामा राखिएको उहाँले जानकारी दिए ।

गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले वडा नं ३, ४, ५ र ७ मा गाई भैँसी पालेर दूध बिक्री गर्ने किसान धेरै रहेको बताए । ती वडाका किसानले गाई भैँसी पालेर दूध बिक्री गर्ने गरेका छन् । गाउँपालिकाले किसानका गाई भैँसीका गोठ सुधार कार्यक्रम पनि सञ्चालन गरिरहेको अध्यक्ष गुरुङले बताए ।

बढी दूध बिक्री गर्ने किसानलाई प्रोत्साहनस्वरुप पुरस्कार उपलब्ध गराउने पालिकाको तयारी रहेको उनले जानकारी दिए । पशु उत्पादनलाई बढावा दिन, सुत्केरी पशुको आहारा तथा सुसारमा कमी नहोस् भन्ने उद्देश्यले कृषकको प्रोत्साहनका लागि पालिकाले अभियान सुरु गरेको उनले बताए । गाउँपालिकामा तीन हजार भन्दाबढी कृषि र पशुपालनका फार्म दर्ता भएका छन् ।

# बाह्रबिसे सबस्टेसन अन्तिम चरणमा

टुडे समाचारदाता



काठमाण्डु । सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकामा निर्माणाधीन उच्च क्षमताको सबस्टेसन निर्माण अन्तिम चरणमा पुगेको छ । दुई महिनाभित्र पूरा गर्ने लक्ष्यसहित २२०/१३२ केभी क्षमताको सबस्टेसन निर्माण सक्ने गरी काम अघि बढाइएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार सबस्टेसनमा राखिने २२०/१३२ केभी, १६० एमभीए र १३२/११ केभी, ५ एमभीएका पावर ट्रान्सफर्मरहरु जडान भइसकेका छन् । ग्यास इन्सुलेटेड प्रणाली (जिआइएस) प्रविधिमा आधारित सबस्टेसनका उपकरणहरु जडान अन्तिम चरणमा छ । नियन्त्रण कक्षमा रहने सम्पूर्ण उपकरणहरु निर्माणस्थलमा आपूर्ति भइसकेका छन् ।

"उपकरणहरुको जडान धमाधम भइरहेको छ । २२०/१३२ केभी सबस्टेसन निर्माणको समग्र प्रगति करिब ९५ प्रतिशत छ । बाह्रबिसेमै चार सय केभीको अर्को सबस्टेसन पनि निर्माणाधीन छ", प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भने ।

विद्युत प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत कम्पनीको अगुवाइमा सिन्धुपाल्चोकमा निर्माण गरिएको एक सय दुई मेगावाटको मध्यभोटेकोशी जलविद्युत् आयोजनाबाट उत्पादित विजुली यही सबस्टेसनमा जोडिने छ ।

मध्यभोटेकोशीबाट उत्पादित विद्युत् २२० केभी प्रसारण लाइनमार्फत बाह्रबिसे सबस्टेसनमा जोडिनेछ । आयोजनाले आफ्नो विद्युतृगृहको स्वीच यार्डबाट बाह्रबिसे सबस्टेसनसम्मको करिब चार किलोमिटर लामो २२० केभी सिङ्गल सर्किट प्रसारण लाइनको टावर निर्माण गरिसकेको छ । प्रसारण लाइनको करिब २ किलोमिटर तार तानिएको छ ।

आयोजनाले बाह्रबिसे नगरपालिका-३ र ४ स्थित पलाँतीका स्थानीय बासिन्दाको अवरोधका कारण २ किलोमिटर तार तान्न सकिरहेको छैन । हाल मध्यभोटेकोशी जलविद्युत आयोजनाका संरचनाहरुको निर्माण सम्पन्न गरी परीक्षण भइरहेका छन् ।

आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्न नसकेर खेर जाने अवस्था आउन नदिन बाह्रबिसे सबस्टेसन जतिसक्दो छिटो सम्पन्न गर्नु पर्ने दबाबमा प्राधिकरण छ ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ, प्रसारण निर्देशनालयका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ र आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधान सम्मिलित प्राधिकरणको उच्चस्तरीय टोलीले शनिबार सबस्टेसन निर्माणस्थलको अनुगमन गरी बाँकी कामहरु तत्काल सम्पन्न गर्न निर्देशन दिएको छ ।

टोलीले आयोजना व्यवस्थापन र निर्माण व्यवसायीसँग निर्माणमा देखिएका समस्या, उपकरण आपूर्तिको अवस्था, निर्माण सम्पन्न हुने तालिका, प्रसारण लाइनमा भइरहेको अवरोध हटाउन स्थानीयसँग छलफल गरेको थियो । साथै, टोलीले मध्यभोटेकोशी जलविद्युत् आयोजनाको पनि भ्रमण गरी हाल भइरहेका परीक्षणका कार्यहरुको जानकारी लिएको थियो ।

कार्यकारी निर्देशक घिसिङले उपकरणहरु सम्पूर्ण आपूर्ति भइसकेको र केही जडान पनि अन्तिम चरणमा पुगेको अवस्थामा जनशक्ति अझै थप गरी दुई महिनाभित्रमा सबस्टेसन निर्माण सम्पन्न गर्न निर्देशन दिए । "सबस्टेसन निर्माणको पछिल्लो चरणको प्रगति सन्तोषजनक नै देखिएको छ । नयाँ खिम्ती-बाह्रबिसे र बाह्रबिसे लप्सीफेदी (काठमाडौँ) प्रसारण लाइन निर्माण पनि अन्तिम चरणमा पुगेको छ", कार्यकारी निर्देशक घिसिङले भने, "अन्य कुनै समस्या नआएमा निर्माण आगामी २/३ महिनाभित्र सम्पन्न हुने अवस्था बनेको छ । त्यसैले सबैले आ-आफ्नोतर्फबाट अन्तिम पहल र कोसिस गरौँ ।"

बाह्रबिसे सबस्टेसन निर्माण ठेक्का पाएका चिनियाँ कम्पनीहरू ग्वाङसी ट्रान्समिसन एण्ड सबस्टेसन कन्ट्रक्सन तथा सेन्जेन क्लाउ इलेक्ट्रोनिक्सको संयुक्त उपक्रमको कमजोर कार्यसम्पादन, कोभिड-१९ महामारीलगायतका कारण सबस्टेसनको निर्माण ढिलाइ हुँदै आएको छ ।

प्राधिकरणले मध्यभोटेशीको विद्युत् प्रवाहका लागि अस्थायी रूपमा वैकल्पिक व्यवस्था गरेको छ । तर, त्यसका लागि पनि २२०/१३२ केभी बाह्रबिसे सबस्टेसनको निर्माण अनिवार्य छ । कूल २२ मेगावाटको माथिल्लो चाकू ए जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी शिवश्री हाइड्रोपावरले निर्माण गरेको १३२ केभी सिङ्गल सर्किट प्रसारण लाइनलाई डबल बनाउन लागिएको छ । शिवश्री हाइड्रोपावरले लामोसाँघु सबस्टेसनबाट बाह्रबिसेसम्म बनाउनुपर्ने उक्त लाइनको काम तत्काल सुरु गर्न प्राधिकरणको उच्चस्तरीय टोलीले आग्रह गरेको छ ।

कम्पनी करिब १० किलोमिटर लाइनमध्ये सात किलोमिटर तार तान्नुपर्ने छ भने बाह्रबिसे बजार नजिकबाट सबस्टेसनसम्म करिब तीन किलोमिटर नयाँ प्रसारण लाइन बनाउनु पर्ने छ । यसका लागि प्रसारण लाइनका सम्पूर्ण उपकरणहरु आपूर्ति भइसकेका छन् । आठ वटा टावरमध्ये पाँच वटाको जग हालिसकिएको छ ।

तामाकोशी तथा सुनकोशी नदी र ती नदीका सहायक खोलानालाको जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न तामाकोशी-काठमाडौँ प्रसारण लाइन र सबस्टेसन निर्माण सुरु गरिएको हो । एसियाली विकास बैंकको सहुलितपूर्ण ऋणमा प्रसारण लाइन तथा सबस्टेसनको निर्माण भइरहेका छन् ।

तामाकोशी-काठमाडौँ २२०/४०० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत रामेछापस्थित नयाँ खिम्ती सबस्टेसनबाट बाह्रबिसेसम्म ४२ किलोमिटर प्रसारण लाइन निर्माणाधीन छ । प्रसारण लाइनमा पर्ने एक सय १८ वटा टावरमध्ये आठ वटाको मात्र निर्माण बाँकी छ । त्यसमध्ये सात वटा टावर सिन्धुपाल्चोकमा वन क्षेत्रमा निर्माण गर्नुपर्ने छ ।

एउटा टावर नयाँ खिम्ती सबस्टेसन नजिक स्थानीयको अवरोधका कारण निर्माण हुन सकिरहेको छैन । प्रसारण लाइनको ३० किलोमिटर तार तानिएको छ । यो खण्ड निर्माणको जिम्मा पाएको ठेकेदारले समस्या समाधान भएमा तीन महिनाभित्रमा काम सक्ने बताएको छ ।

त्यस्तै बाह्रबिसेबाट काठमाडौँको लप्सीफेदीसम्मको ४६ किलोमिटर चार सय केभी डबल सर्किट प्रसारण लाइन पनि निर्माणाधीन छन् । ४६ किलोमिटर प्रसारण लाइनमा पर्ने एक सय २२ वटा टावरमध्ये लप्सीफेदीका स्थानीयको अवरोधका कारण चार वटा टावर निर्माण बाँकी छ ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट

टुडे समाचारदाता

काठमाण्डु । यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक पाँच दशमलव ३१ अङ्कले घटेर दुई हजार ६१ दशमलव ७० को बिन्दुमा कायम भएको हो ।

आइतबार विभिन्न कम्पनीका तीन सय सात कम्पनीको ९२ लाख ७२ हजार सात सय ८२ कित्ता शेयर ७० हजार सात सय ९० पटक खरिदबिक्री हुँदा रू तीन अर्ब २१ करोड ६७ लाख २७ हजार दुई सय २१ बराबरको कारोबार भएको छ ।

विकास बैंक शून्य दशमलव ६६, वित्त समूह शून्य दशमलव ४०, लगानी समूह शून्य दशमलव ०९ र निर्जीवन बीमा समूहको उपसूचक शून्य दशमलव ५१ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै अन्य समूहको उपसूचक एक दशमलव ०४ र जीवन बीमा समूहको उपसूचक शून्य दशमलव ५४ प्रतिशतले घटेको छ ।

युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ भने महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा पाँच दशमलव ३७ प्रतिशतको गिरावट आएको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३३ करोड ५८ लाख ३२ हजार आठ सय नौ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको पाँच लाख २५ हजार ५८ कित्ता शेयर किनबेच भएको छ ।

# व्यक्तिगत लगानीमा गाउँभरि कृषि फार्म

टुडे समाचारदाता



खोटाङ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१५ विजयखर्कका धर्मराज पोखरेलले विसं २०७८ मा 'विजय अर्ग्यानिक भिजेल कम्पनी प्रालि' मार्फत आफ्नै गाउँमा कृषि फार्म सुरु गरेका थिए । बूढानीलकण्ठ नगरपालिका-८ काठमाडौँमा परिवारसहित बसोबास गर्दै आउनुभएका उहाँले आफ्नो जन्मथलो विजयखर्कका फरक-फरक १३ ठाउँ तथा बुइपा र राजापानीमासमेत बङ्गुर, बाख्रा, गाई-भैँसी, कुखुरा, माछा, फलफूल र तरकारीखेती लगाएका छन् ।

विजयखर्कस्थित उहाँले आफ्नै जग्गामा १३ बङ्गुर फार्म सञ्चालन गर्नुभएको छ । राजापानीमा दुईवटा बाख्रा फार्म छन् । बङ्गुर र बाख्राको मल प्रयोगका लागि फार्म आसपासमा फलफूल र तरकारीखेती लगाइएको छ । जस्ताले छाइएको सिमेन्टेड फार्मभित्र बँदेल पनि पालिएको छ । भूगोल, हावापानीअनुसार माटो परीक्षण गरेर व्यावसायिक कृषि फार्म सञ्चालन गरिएको उनले जानकारी दिए ।

विजयखर्कको रामबाडीस्थित दुईवटा बङ्गुर फार्ममा ५० का हाराहारीमा बङ्गुर र बँदेल छन् । वरपर कागती, लिची, कटहर, केरा, माछापोखरी, तरकारीखेती लगाइएको छ । विजयखर्ककै भैरमपुरबेँसीमा पाँच बङ्गुर फार्म छन् । जहाँ करिब दुई सय हाराहारीमा बङ्गुर र बँदेल छन् । त्यही सातवटा पोखरीमा माछापालन गरिएको छ । एउटा कुखुरा फार्ममा करिब पाँच सयको हाराहारीमा कुखुरा छन् । आसपासमा अनार, अङ्गुर, आँप, लिची, कटहर, सुन्तला, कागती, एभोकाडो, चेरीमैया, जापानिज कटुस, केरा, अम्बा, रुद्राक्षलगायतको व्यावसायिक खेती लगाइएको छ ।

बुइपाको स्वाराटोलमा चारवटा बङ्गुर फार्म छन् । जहाँ करिब दुई सयको हाराहारीमा बङ्गुर छन् । सँगै अम्बा, अमला, कागती, सुन्तला, एभोकाडो लगाइएको छ । बुइपाकै तमरुङमा एउटा बङ्गुर फार्म राखिएको छ । सो फार्ममा ५० वटाको हाराहारीमा बङ्गुर छन् । सँगै सिताके च्याउ, किवी, अनार, कागती, सुन्तला, स्याउ, अङ्गुर, कुरिलो र तरकारीखेती लगाइएको छ । बुइपाकै दम्कुमा भैँसीगोठ, सुँगुर खोर, कुखुरा फार्मसँगै कागती, सुन्तला, लिचीलगायतको खेती लगाइएको छ । हरेक ठाउँमा सञ्चालित फार्मबाट उत्पादनसमेत दिन थालेको पाइएको छ ।

यस्तै राजापानीको खाम्तेलडाँडामा एउटा बङ्गुर फार्ममा ६० बङ्गुर छन् । बङ्गुरसँगै गाई र भैँसीपालन गरिएको व्यवसायी पोखरेल बताउछन् । राजापानीकै तल्लोबडकामा दुईवटा बाख्रा फार्ममा करिब चार सयको हाराहारीमा बाख्रापालन गरिएको छ । पाँचवटा गाईपालन गरिएको छ । गाई बाख्राका लागि डाले र भुइँघाँस लगाइएको छ । फार्म आसपासमा कागती, सुन्तला, लिची, तरकारीखेती लगाइएको छ । हरेक ठाउँका फार्ममा एक-एक परिवारलाई पारिश्रमिकसहित सेयर सदस्यका रूपमा राखिएको छ । सेयर सदस्यका रूपमा राखिएका नौ घरपरिवारका ६५ जनाले फार्मको हेरचाह गर्ने गरेका छन् ।

फार्ममा तयार भएका बङ्गुरको मासु बिक्री वितरणका लागि उनले बुइपाको पञ्चदोबाटोमा खानेबस्ने व्यवस्थासहितको होटल र कोल्डस्टोरसहितको मासु कटिङ सेन्टर खोलेका छन् । फार्ममा पाल्नका लागि धरान र चितवनबाट बँदेलको पाठा ल्याइएको हो । प्रतिकेजी रु एक हजार दुई सयका दरले फार्मबाटै ५६ बँदेल बिक्री भइसकेको उनी बताउछन् । राजनीतिमा समेत सक्रिय रहनुभएका पोखरेलले काठमाडौँमा विजय इन्जिनियरिङ कन्सल्ट्यान्सी सञ्चालन गर्दै आएका छन् ।

> जिम्मेवार निकायमा बसेकाहरू कृषिमा सम्भावना छ भनेर गफमात्रै गर्ने गरेका छन् । मैलेचाहिँ आफैँ गरेर देखाऔँ भन्ने हो ।

बहुउद्देश्यीय तरिकाले स्थापना गरिएको कृषि फार्मका लागि संरचना निर्माण तथा सञ्चालनमा अहिलेसम्म एकोहोरो लगानीमात्र भइरहेको पोखरेलले बताए । "कृषिमा वास्तविक किसानले अनुदान पाउँदैनन् । अहिले व्यक्तिगतरूपमा लगानीमात्र भइरहेको छ । आम्दानी सुरु भएको छैन । अहिलेसम्म रु १५ करोडभन्दा बढी लगानी गरिसकेको छु", उनले भने, "जिम्मेवार निकायमा बसेकाहरू कृषिमा सम्भावना छ भनेर गफमात्रै गर्ने गरेका छन् । मैलेचाहिँ आफैँ गरेर देखाऔँ भन्ने हो । फार्मले आम्दानीसमेत दिन थालेको छ । मेरो कृषि फार्म देखेर यहाँका धेरैजना स्थानीय बासिन्दाले आ-आफ्नो क्षेत्रमा व्यावसायिक खेती सुरु गरेका छन् । कृषि पेसालाई व्यावसायिक तथा आधुनिक तरिकाले अपनाउन अभियानसमेत चलाइरहेको छु ।"

फार्ममा उत्पादित अधिकांश कृषि उपज तथा पशुपक्षी काठमाडौँ निर्यात हुने गरेको जनाइएको छ । केही समयपछि काठमाडौँको विभिन्न ठाउँमा आफ्नै बिक्री केन्द्र सञ्चालन गर्ने तयारी गरिएको पोखरेलले जानकारी दिए । कृषि पेसामा ठूलो धनराशि लगानी गरेका उनले विसं २०७९ को स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेस प्रदेश समितिबाट दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगरप्रमुखको टिकट पाएपनि अन्तिममा उनले आफ्नो उम्मेदवारी फिर्ता लिएर तीर्थराज भट्टराईलाई सघाए । प्रदेशसभा निर्वाचनमा पनि पोखरेलले खोटाङ प्रदेशसभा (क)मा वाम-लोकतान्त्रिक गठबन्धनको उम्मेदवारविरुद्ध बागी उम्मेदवारी दिएका थिए । निर्वाचन परिणामअनुसार गठबन्धनतर्फका नेकपा (एकीकृत समाजवादी)का वीरबलकाजी राई पराजित भए भने, नेकपा एमालेका पाँचकर्ण राई विजयी भए । कांग्रेस महाधिवेशन प्रतिनिधिसमेत रहनुभएका पोखरेललाई केन्द्रीय अनुशासन समितिले पाँच वर्षका लागि साधारण सदस्यसमेत नरहने गरी निष्काशन गरेपछि अहिले आफ्नै गाउँमा आएर कृषि कर्ममा रमिरहेका छन् ।

# किसानलाई दूधको भुक्तानी दिन माग

टुडे समाचारदाता



फिक्कल । इलाम नगरपालिकाले दुग्धजन्य पदार्थको निकासी र बजारीकरणमा देखिएको समस्या समाधान गर्न सरकारसँग माग गरेको छ । इलाम नगरपालिकाले २४औँ नगरसभाले विशेष प्रस्ताव पारित गर्दै दुग्ध विकास संस्थान (डिडीसी) विराटनगर शाखाबाट किसानलाई भुक्तानी दिनुपर्ने बक्यौता रकम भुक्तानीको व्यवस्था मिलाउन कोशी प्रदेश सरकार र नेपाल सरकारसग माग सो माग गरेको हो । डिडिसीले इलामका किसानलाई २०८० साउनदेखि पुस महिनासम्मको रु नौ लाख ५६ हजार पाँच सय ६० लिटर दूधको भुक्तानी दिन बाँकी छ ।

डिडीसिले बिल्ल्याँटेस्थित दूध चिस्यान केन्द्रलाई दुई लाख ११ हजार ५० लिटर, तीनघरेस्थित दूध चिस्यान केन्द्रलाई दुई लाख ६१ हजार छ सय १० लिटर, फिक्कलस्थित दूध चिस्यान केन्द्रलाई एक लाख ८२ हजार चार सय लिटर र शान्तिडाँडास्थित दुग्ध चिस्यान केन्द्रलाई तीन लाख एक हजार चार सय लिटर दूधको भुक्तानी दिन बाँकी रहेको छ ।

डिडिसीबाट किसानले पाउनुपर्ने करोडौँ रकम भुक्तानी बाँकी रहेकाले नगरसभाबाटै निर्णय गरी तत्काल भुक्तानीको व्यवस्था मिलाउन प्रदेश र सङ्घीय सरकारसँग माग गरिएको इलाम नगरपालिका प्रवक्ता नुतनदेव दुलालले बताए । "दुग्ध चिस्यान केन्द्रले डिडिसीबाटै भुक्तानी नपाएकाले किसानले दूधको भुक्तानी पाउन सकेका छैनन्", उनले भने, "यसको प्रत्यक्ष असर किसानले खेप्नु परेकाले चाँडो समस्या समाधानका लागि पहल गर्न प्रदेश र सङ्घीय सरकारसँग माग गरिएको हो ।"

डिडीसीले पछिल्लो छ महिनासम्मको दूधको भुक्तानी नदिएपछि ठूलो लगानीमा पशुपालन र दुग्धजन्य पदार्थ उत्पादन व्यवसाय सञ्चालन गर्दै आएका किसानहरु समस्यामा परेका छन् । "साउनदेखि हालसम्मको दूधको रकम पाइएको छैन, कहिले पाइने हो त्यो पनि थाहा छैन", इलाम नगरपालिका-५ का किसान बीरबहादुर अधिकारीले भने, "यसले हामीजस्ता तल्लो तहका किसानहरुलाई असर परेको छ । चाँडो भुक्तनीको व्यवस्था मिलाउन प्रदेश र सङ्घीय सरकारले आवश्यक पहल गर्नेमा विश्वस्त छौँ ।"

यस्तै नगरसभाले डिडिसीअन्तर्गत बन्द रहेको पुवाखोला चिस्यान केन्द्र र बाघखोर चिस्यान केन्द्र पुनःसञ्चालनको व्यवस्था गर्न, दुग्धजन्य उत्पादनको आन्तरिक खपत बढाउनका लागि नीति तथा कार्यक्रम लागू गर्न, गाईपालक किसानलाई अनुदान दिन, ऋण सुविधा र बिमाको व्यवस्था गर्न, नश्लसुधार बढाउन, विदेशबाट आयात हुने दुग्धजन्य उत्पादन नियन्त्रणका लागि भन्सार विन्दूमा क्वारेन्टाइन चेक र नियन्त्रण गर्न, लम्पीस्किन रोगबाट मरेका किसानलाई राहत उपलब्ध गराउन र इलामको भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमा विशेषज्ञ चिकित्सकको व्यवस्था गर्न पनि माग गरेको छ ।

इलाम नगरमा मात्र दैनिक २० हजार लिटर दूध उत्पादन हुने गरेको र दैनिक दुई हजार लिटर दूध डिडिसीमार्फत विराटनगर जाने गरेको छ । बाँकी दूध निजी डेरी, चिज कारखाना, छुर्पी बनाउने उद्योग र मिठाइ बनाउने उद्योगमा खपत हुने गरेको छ । जिल्लामा भने निजी उद्योगहरूमा दैनिक ५३ हजार लिटर हाराहारीमा दूध खपत हुँदै आएको छ । निजी डेरीमा मात्र एक हजारभन्दा धेरै किसानले दूध बिक्री गर्दै आएका छन् ।

जिल्लामा १८ वटा चिज कारखाना, एक सय ५० वटा छुर्पी बनाउने उद्योग र १३ वटा दुग्ध मिठाइ बनाउने उद्योग रहेको सरकारी तथ्याङ्क छ । यहाँ वार्षिक एक लाख १६ हजार ८६ मेट्रिकटन दूधजन्य पदार्थ उत्पादन हुने गरेको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय उदयपुर

सवारीसाधनहरूको स्वामित्व दाबी गर्न आव्हान गरिएको सूचना

प्रकाशित मितिः- २०८०।१०।२२ गते (ने.स. ११४४ पोहेलगा, १० सोमवार)

जिल्ला प्रहरी कार्यालय उदयपुरमा बेवारीसे अवस्थामा रही हालसम्म सवारी धनी पत्ता नलागेका सवारी साधनहरू सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि २०७९ को दफा २० को उपदफा (१) बमोजिम हाल सम्म स्वामित्व दाबी नपरेका सवारी साधनहरू पन्ध्र (१५) दिने सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने व्यवस्था अनुसार यस कार्यालयको Facebook Page :– dpoudayapur, कोशी प्रदेश प्रहरी कार्यालयको Facebook Page:- कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर र माथिको QR कोडमा निम्न सवारी साधनहरूको विवरण राखिएको हुँदा उक्त विवरण हेरी सवारी साधनहरू सम्बन्धित सवारी धनीले सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र आफ्नो सक्कलै कागज पत्र लिई यस कार्यालयमा उपस्थित भई स्वामित्व हक दाबी गर्न हुन अनुरोध गरिएको छ । अन्यथा उक्त सवारी साधनहरू कानुन बमोजिम लिलाम बिक्री भई जाने व्यहोरा समेत सूचित गरिन्छ ।

# किसानलाई हप्ता दिनमै भुक्तानी

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवनस्थित इन्दुशंकर चिनी उद्योगले उखु किसानलाई हप्ता दिनभित्रै भुक्तानी दिन थालेको छ।

प्रायः बेलैमा भुक्तानी दिएर अरू चिनी उद्योगभन्दा अलग्गै छाप बनाएको इन्दुशंकरले यो वर्ष उखु बुझाएको हप्ता दिनभित्रै बैंक खातामा पैसा हाल्दिएपछि उखु किसान खुसी भएका छन्।

इन्दुशंकरका उखु प्रबन्धक योगनारायण रजकले किसान महासंघसँग ३० देखि ४५ दिनभित्र भुक्तानी गर्ने सहमति भए पनि उद्योगले एक हप्ताभित्रै भुक्तानी दिइरहेको बताए।

'किसान महासंघसँग एकदेखि डेढ महिनाभित्र 'पेमेन्ट' गर्ने भनी सहमति भएको छ तर हामीले हप्ता दिनभित्रै पैसा हाल्दिरहेका छौं," उखु प्रबन्धक रजकले भने । उद्योगले माघ १० गतेसम्म किसानबाट खरिद गरिएको उखुको ५२ करोड ६१ लाख १२ हजार रुपैयाँ भुक्तानी गरिएको जनाएको छ।

अब दुई/तीन दिनभित्रै थप १४ करोड ४१ लाख ५६ हजार रुपैयाँ भुक्तानीका लागि तालिका तय पारिएको उद्योगका प्रशासकीय प्रमुख ठाकुर नेपालले जानकारी दिए । सरकारले



निर्धारण गरेको मूल्य अनुसार उद्योगले उखु किसानलाई प्रतिक्विन्टल ५ सय ६५ रुपैयाँका दरले भुक्तानी गर्दै आइरहेको छ।

यो वर्ष चिनी मिलले ५ सय ६५ र सरकारले अनुदानबापत ७० रुपैयाँ प्रदान गर्ने गरी उखुको मूल्य प्रतिक्विन्टल ६ सय ३५ रुपैयाँ निर्धारण भएको छ। पुस ६ गतेदेखि उखु क्रसिङ सुरु गरेको इन्दुशंकरले अहिले सम्म १४ करोड २२ लाख क्विन्टल उखु क्रसिङ गरिसकेको छ।

उद्योगले यो वर्ष ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य लिएको छ। उता सर्लाहीको गोडैता नगरपालिकास्थित महालक्ष्मी चिनी उद्योग बगदहले पनि आठ लाख छ हजार क्विन्टल उखु क्रसिङ गरी किसानलाई ३० करोडको हाराहारीमा भुक्तानी दिइसकेको उद्योगका प्रशासन सहायक कमलेश सिंहले जानकारी दिए।

उखु किसानसमेत रहेका गोडैता नगरपालिकाका नगर प्रमुख देवेन्द्र यादवले यो वर्ष महालक्ष्मीले अहिलेसम्म भुक्तानीमा समस्या नदिएको बताए। त्यस्तै सर्लाहीको धनकौलमा रहेको अन्नपूर्ण चिनी उद्योग भने यो वर्ष अहिलेसम्म सञ्चालनमा आएको छैन।

आफूहरू उद्योगमा गएर बुझ्दा उद्योग सञ्चालनको तरखर भइरहेको स्थानीय उखु किसान रामकल्याण यादवले बताए । अन्नपूर्णले अघिल्ला वर्षको बक्यौता चुक्ता गर्न बाँकी नै रहेको उखु किसानले बताएका छन्।

# अवैध उत्खनन रोक्न स्थानीयको पहल

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-५, श्रीपुरस्थित औरही खोलाबाट भइरहेको अवैध उत्खनन रोक्न सरोकारवाला निकायले चासो नदेखाएपछि स्थानीवासी अग्रसर भएका छन्।

स्थानीयवासीले आइतबार अवैध उत्खनन विरुद्धको सङ्घर्ष समिति गठन गरेर औरही खोलाबाट भइरहेको अवैध उत्खनन रोक्न अग्रसर भएका छन्। अवैध उत्खनन रोक्न स्थानीय तह, प्रहरी प्रशासन लगायत सरोकारवाला निकायले गम्भीरता नदेखाएपछि सरोकारवाला निकायलाई दबाब दिन संघर्ष समिति गठन गरेको स्थानीय गणेश महतोले बताए।

खोला किनारमा रहेको क्रसर उद्योगी तथा गाउँका केही व्यक्तिले राति-राति जेसीबी, टिपर र ट्याक्टरको प्रयोग गरेर बालुवा, गिट्टीको उत्खनन गरिरहेको बताउँदै उनले प्रहरी प्रशासनकै मिलेमतोमा यो सब भइरहेको आरोप लगाए। यसबारे नजिकको प्रहरी कार्यालयमा जानकारी गराउँदा प्रहरीले उत्खनन गर्ने टोलीलाई खबर गरेर त्यहाँबाट भगाउने गरेको अर्का स्थानीय विनोद महतोले बताए।

भागिसकेपछि मात्र खोलामा प्रहरी पुग्ने गरेको बताउँदै उनले प्रहरीले सूचना दिने व्यक्तिको नाम र मोबाइल नम्बरसमेत उत्खनन माफियालाई दिने



गरेको आरोप लगाए ।उनले भने-'केही दिनअघिको मात्र घटना हो। रातिको १२ बजे खोलाबाट अवैध उत्खनन भइरहेको थियो। त्यसको जानकारी नजिकैको प्रहरी कार्यालयमा गराएँ । जानकारी दिएको केही बेरमै उत्खनन माफियाका केटाहरू घरमै धम्काउन आइपुग्यो । अब भन्नुस् उनीहरूलाई कसरी थाहा भयो मैले फोन गरेको थिए भनेर।'

एक्ला-एक्लै गरेर खोलाबाट हुने गरेको अवैध उत्खनन रोक्न नसकिने हुँदा स्थानीयवासी एकजुट भएर संघर्ष समिति गठन गरिएको बताउँदै उनले रोकथाम गर्न सरोकारवाला निकायमा दबाब सिर्जना गर्न पत्राचार गर्ने र कुनै सुनुवाइ नगरे विरोध प्रदर्शन गरिने जानकारी दिए।

इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक राजकिशोर साहले अवैध उत्खनन कार्य रोक्न प्रहरी सक्रिय रहेको बताए । उनले छ महिनाको अवधिमा अवैध उत्खननमा प्रयोग भएका दुई सयभन्दा बढी ट्याक्टर नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाएको जानकारी दिए।

सोही औरही खोलामा २०७६ पुस २५ गते क्रसर तथा उत्खनन माफियाविरुद्ध बोल्दा श्रीपुरका दिलीप महतोको हत्या भएको थियो । सो घटनापछि क्रसर माफियाविरुद्ध आवाज उठाउन पनि स्थानीयवासी डराउन थालेका छन्।

# मिटर ब्याजविरुद्धको न्याय मार्च सप्तरी पुग्यो

**टुडे समाचारदाता**

राजविराज । मिटर ब्याजी पीडितको समस्या समाधानको माग राखी झापाको मेचीदेखि निस्किएको मिटर ब्याजविरुद्धको न्याय मार्च सप्तरी आइपुगेको छ। मिटर ब्याज तथा ठगी विरुद्ध किसान- मजदुर संघर्ष समिति नेपालका अध्यक्ष अबधेश कुशवाहाको नेतृत्वमा मेचीदेखि पैदलयात्रा सुरु गरेका मिटर ब्याजी पीडितहरु आइतबार सप्तरी




आइपुगेका छन्।

तीन बर्षदेखी ६ बुँदे मागराखी सडक संघर्षमा हुँदा समेत सुनुवाइ नभएकोले मग पूरा गर्न राज्यलाई झकझक्याउन मेची- महाकाली पैदल यात्रा सुरु गरेको संघर्ष समितिकी केन्द्रीय सदस्य लक्ष्मी घिमिरेले बताइन्।

'तीन बर्षदेखि ६ बुँदे मागराखी सडक संघर्षमा छौं, निरन्तरको संघर्षरत रहँदा पटक-पटक सरकारले माग सम्बोधन गर्ने आश्वासन दिएका छन्, उनले भनिन्-'राज्यलाई झकझक्याउन र ६ बुँदे माग पूरा गर्न पैदल यात्रामा छौं।'

यात्रा कठिनपूर्ण र जटिल छन्, यसको बाबजुद पनि यात्रा सफल गरि छाड्ने बताउदै उनले यात्राको क्रममा बाटैमा मर्न तयार रहेको बताइन्।

यात्राको क्रममा धेरै कठिनाईहरु आएका छन्, यात्रा जटिल भए पनि स्थानीहरुको साथ सहयोग पाएका छौं, उनले भनिन् ,कतिपय दिदीबहिनीहरु बिरामी परेका छन्, यसका बाबजुद हामी काठमाण्डु पुग्छौं, बाटैमा मर्न तयार छौं तर सिंहदरबारसम्म आवाज पुर्‍याउने अठोट लिएका छौं।'

सरकार जनताको अभिभावक भएकोले माग पूरा गर्नेमा उनले विश्वास समेत व्यक्त गरिन । 'सरकार जनताको अभिभावक हुन्, हामी सडकमा छौ, उनीहरु सरकारमा छन्, उनले भनिन्, उनीहरुले हाम्रो माग पूरा गर्नुनै पर्छ, त्यसकै लागि हामी संघर्षरत छौ।'

अनुचित लेनदेन आयोग साहुमुखी भएकोले त्यसलाई संशोधन गरेर पीडितको पक्षमा किसान मजदुरको पक्षमा कार्यविधि निर्माण गरी शक्तिशाली आयोग गठन गर्नुपर्ने, पीडितको सम्पत्ति हक हस्तान्तरण गर्नुपर्ने,घरसारको लेनदेन हुने फर्जी तमसुक जाली तमसुक, दृष्टिबन्धक छिनुवा पास, रजिष्ट्रेशन पासलाई अवैध घोषणा गर्नुपर्ने, जति पनि मिटर ब्याजी पीडित कारागारमा रहेकाहरुको जरिवाना खारेज गरी निसर्त र स-सम्मान रिहाई गर्नुपर्ने, मिटर ब्याज पीडित आमाबुबा दिदीबहिनीहरु आत्म हत्या गर्न बाध्य भएकाले मिटर ब्याजको नाममा महिला हिंसा, पुरुषमाथि हिंसा, मानव अधिकार उलंघनका घटनाहरु, अन्याय, अत्याचार भइराखेकाले यी सबैबाट मुक्ति पाउनुपर्ने माग आफूहरुको रहेको उनले जानकारी गरिन।

सुदरपश्चिम प्रदेशको कञ्चनपुर स्थित गड्डाचौकी र कोशी प्रदेशको झापा जिल्लाको मेची पुलबाट माघ १६ गते एकसाथ हिडेको पैदल यात्र काठमाण्डु पुगेर समापन हुने संघर्ष समितिका केन्द्रीय अध्यक्ष कुशवाहाले जानकारी दिए।

# बिआरआई ऋणलाई अनुदानमा परिणत गर्न पोखरामा प्रदर्शन




**टुडे समाचरदाता**

वीरगञ्ज । चीनको विरोधमा पोखरामा प्रदर्शन गरिएको छ । चिनिया महत्वाकांक्षी आयोजनाको रुपमा रहेको आर्थिक सहयोग बिआरआई परियोजना मुलुकको लागि ऋणजाल भएको भन्दै पोखरामा प्रदर्शन गरिएको छ । राष्ट्रिय एकता अभियान, पोखराले ऋणमुक्त र स्वाधीन पोखरा अन्तर ाष्ट्रिय विमानस्थलको लागि सचेतना रैली निकाल्दै प्रदर्शन गरेको छ।

अभियानका केन्द्रीय सदस्य ईश्वर लामाको नेतृत्वमा गरिएको विरोध प्रदर्शनमा पोखरा विमानस्थललाई ऋणजालबाट मुक्त गर, विमानस्थल पूर्णरुपले सञ्चालन गर, राष्ट्रिय स्वाधीनताको रक्षा गर, बिआरआई ऋणलाई अनुदानमा परिणत गर जस्ता नारा लगाइएको थियो । पोखरा अन्तर ाष्ट्रिय विमानस्थलको चिनियाँ ऋण अनुदानमा परिणत गरियोस भन्दै मुख्यमाग सहित निकालिएको रैली पोखराको सभागृह अगाडिबाट सुरु भइ नगरपरिक्रमा गरी पृथ्वीचोकमा पुगेपछि कोण सभामा परिणत भएको थियो।

कोणसभामा बोल्दै प्रमुख अतिथि अभियानका केन्द्रीय संयोजक विनय यादवले अप्रत्यासित रुपमा बढेको चिनियाँ सक्रियताले मुलुकको राष्ट्रिय स्वाधीनता खतरामा परेको आरोप लगाएका थिए । संयोजक यादवले आर्थिक सहयोगको बहानामा देखिएको चीनको सक्रियता र सहयोग दुबै नेपाल र नेपाली जनताको भविष्य खतरामा पर्दै गएको बताउदै राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्न ठूलो आवश्यकता रहेको बताए । उनले आउने समयमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको लागि चीनले दिएको सहयोग नेपालको लागि ठूलो ऋणजाल सबित हुने दावी गरे । संयोजक यादवले पोखरा विमानस्थलमा देखिएको आर्थिक घाटापूर्तिको बहानामा चिनियाँ सेना पोखरामा ल्याउने ठूलो खेलभइरहेको आरोप समेत लगाएका थिए। नेपालको सार्वभौमसत्ता माथि बढदै गएको खतराबाट समयमै सचेत हुन सबै नेतालाई आफूहरुले पटक पटक अनुरोध र आह्वान गर्दै आएपछि घैटोमा घाम नलाग्नु दुखको कुराभएको सहयोजक यादवको भनाइ थियो।

सो अवसरमा वक्ताहरूले राष्ट्रिय एकता, विकास र समृद्धिका लागि नेपालले चीनसंग गरेको बिआरआई सम्झौता अबिलम्ब खारेजीको माग गरेका थिए । उनीहरुले राष्ट्रिय स्वाधीनताको महत्व, मुलुकमा देखिएको आर्थिक तरलता र बीआरआई आर्थिक सहयोग भन्दा पनि मुलुकको लागि ठूलो ऋणजाल भएको कुरामा जोड दिएका थिए । वक्ताहरुले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको व्ययभारबाट भविष्यमा हुने ठूलो आर्थिक नोक्सानीबाट जोगिन अहिलेको मुख्य आवश्यकता रहेको बताएका थिए।

# मिथिला बिहारीमा तालाबन्दी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला बिहारी नगरपालिकाको कार्यालयमा वडाध्यक्षहरूले तालाबन्दी गरेका छन्। नगरपालिकाका नगर प्रमुख राजेन्द्रप्रसाद यादवले करारका कर्मचारी भर्नाको नतिजा प्रकाशन गर्न आलटाल गरेको आरोप लगाउँदै वडाध्यक्षहरूले तालाबन्दी गरेका छन्।

नगरपालिकाले वैशाख




१० मा करारका कर्मचारी भर्ना गर्न विज्ञापन प्रकाशन गरेको थियो। विज्ञापन अनुसार करार कर्मचारीको नतिजा प्रकाश नहुँदा नगरपालिकाको एम्बुलेन्स, जेसिबि लगायत अन्य सवारी साधन प्रयोगमा आउन नसकेको वडा नं. ८ का वडाध्यक्ष जीवछ यादवले बताए। नगर प्रमुखलाई नतिजा प्रकाशन गर्न पटक-पटक आग्रह गर्दा कुराको सुनवाइ नगरेपछि बाध्य भएर तालाबन्दी गर्नुपरेको उनले जानकारी दिए।

१० वटा वडा रहेको मिथिला बिहारी नगरपालिका वडा कार्यालयमा कार्यालय सहयोगी समेत नभएको कारणले काम गर्न एकदम कठिनाइ भएको उनको भनाइ छ।

वडाध्यक्षहरुले कार्यालयमा तालावन्दी गरेपछि कार्यालयको सम्पूर्ण कामकाज प्रभावित भएको छ। कार्यालयमा आएका सेवाग्रहीहरु काम नगराएरनै फर्केका थिए । कार्यालयमा वडाध्यक्षहरुको तालावन्दीको बारेमा आफूहरुलाई थाहा नभएको सेवाग्रहीहरुले गुनासो गरेका थिए।

कार्यालयमा तालावन्दी भएपछि कार्यालयवाट प्रवाह हुने सम्पूर्ण कामकाज ठप्प भएको छ । वडाध्यक्षहरुले आफूहरुको माग सम्वोधन नहुँजेल सम्म तालावन्दी जारी राख्ने बताएका छन्।

**समाचारदाता चाहियो**

रौतहट जिल्लालाई केन्द्र बनाएर क्रियासिल पत्रकार जनकपुर टुडे राष्ट्रिय दैनिकका लागि आवश्यक भएकाले वायोडाटा सहित मिति २०८०/१०/२२ गते सम्म तलको इमेलमा आवेदन पठाउन आव्हान गरिन्छ।

इमेल : jtodaynews@gmail.com

# पर्यटन प्रवर्द्धनका लागि सडक फुड फेस्टिभल

**टुडे समाचारदाता**

जलेश्वर । बर्दीबासमा सडक खाना महोत्सव (रोड फुड फेस्टिभल) आयोजना गरिने भएको छ। बर्दीबासको पर्यटन प्रवर्द्धन तथा ओरालो लागेको अर्थतन्त्र चलायमान गराउने उद्देश्यका साथ सडक खाना महोत्सवको तयारी गरेको आयोजक होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीले जनाएको छ।

बीपी राजमार्गको प्रवेश बिन्दुमा पर्ने बर्दीबास-१ स्थित सडकको पूर्वी भागमा आउँदो फागुन ५ गतेदेखि ७ गतेसम्म ३ दिनसम्म आयोजना हुने महोत्सवका लागि १५ लाख खर्च हुने अनुमान गरिएको छ । यसमध्ये बर्दीबास नगरपालिकाले ६ लाख ५० हजार सहयोग गरेको आयोजकले जनाएको छ।

पर्यटन व्यवसायी संघ महोत्तरीले आइतबार बर्दीबासमा आयोजना गरेको पत्रकार सम्मेलनमा सडक खाना महोत्सव मधेश प्रदेशको हकमा पहिलो र बर्दीबासको लागि समेत नौलो प्रयोग भएकोले यो सबैको चर्चा र चासोको विषय बनेको जनाएको छ। बर्दीबासमा अहिले ५२ होटल सञ्चालनमा छन्।

महोत्सव अवधिभर यी सबै होटलहरुले प्रदान गर्ने सेवा, स्वाद र सत्कार अव एकै थलोबाट प्रदान गरिने व्यवस्था मिलाइएको छ । महोत्सवमा सडक भोजन बिहान ८ बजेबाट सुरु भए पनि सांस्कृतिक कार्यक्रम




भने अपरान्हदेखि राती ९ बजेसम्म सञ्चालन हुने जनाइएको छ। यसका लागि स्थानीय तथा ख्यातिप्राप्त कलाकारहरुको प्रस्तुतिले महोत्सवको सुनमा सुगन्ध थपिने आयोजकको विश्वास छ।

यो प्रयास आफैंमा दुर्लभ र व्यापार प्रवर्द्धनका लागि समेत नौलो प्रयोग भएको आयोजक होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका महासचिव नारायण घिमिरेले बताए। बर्दीबासस्थित वीपी राजमार्गको प्रवेश बिन्दु सिन्धुली चोकदेखि उत्तरवर्ती पीपलबोटसम्मको करिव आधा किलोमिटर क्षेत्रमा आयोजना गरिने सडक खाना महोत्सवमा सर्वसाधारणदेखि राजमार्गको यात्रुलाई आकर्षित गर्ने तयारी गरिएको छ।

आयोजना स्थलमा ५० वटा स्टलबाट सेवा प्रदान गरिने हुँदा सडकमै खाने, सडकमै रमाउने तथा स्थानीय भोजन र कला संस्कृतिको अद्भूत र एकीकृत संयोजन मिलाइएको महासचिव घिमिरेले जनाए । महासचिव घिमिरेले भने-'विविध भाषा, भेषभूषा र परम्पराको धनी मधेश प्रदेशका नेपाली, मैथिली, भोजपुरी तथा जनजातिहरुको मौलिक भोजन र जीवन्त कला संस्कृतिको यो महोत्सवले सम्वाहकको काम गर्ने विश्वास लिएका छौं।' यो महोत्सव गैर नाफामूलक भएकोले उही स्वाद उही परिकारका भोजनमा महोत्सव अवधिभर २० देखि ४० प्रतिशतसम्म छुटको व्यवस्था मिलाइएको आयोजक होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अध्यक्ष गुञ्जबहादुर कार्कीले बताए।

सडक भोजन महोत्सवमा मधेश प्रदेशका अन्य जिल्लाका होटल व्यवसायीलाई पनि सहभागिताका लागि आग्रह गरिएको छ । त्यस्का लागि १० वटा निःशुल्क स्टल छुट्टाइएको खड्काले जनाएका छन्। 'सडक खाना महोत्सवलाई उदाहरणीय बनाउने प्रयासमा जुटेका छौं। यसका लागि सबैको सहभागिता र शुभेच्छाका लागि आग्रह गर्दछौं,' खड्काले भने।

महोत्सवबाट आशावादी बनेको बर्दीबास उद्योग वाणिज्य संघका अध्यक्ष विष्णुवहादुर खड्काले सडक खाना महोत्सवको माध्यमले बर्दीबासको चिनारीका साथै कोरोनाकालदेखि शिथिल परेको यहाँको अर्थतन्त्रलाई चलायमान बनाउन सघाउ पुग्ने अपेक्षा व्यक्त गरे।

**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

**सम्पर्क**

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८